"समुन्नत कञ्चन, सुखी कञ्चनवासी"

# गाउँपालिका अध्यक्ष श्री नवराज ढकालज्यू बाट गाउँसभामा प्रस्तुत भएको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम

# कञ्चन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## कञ्चन–२, रुपन्देही

### २०८१ आषाढ ३ गते

Website: www.kanchanmun.gov.np

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई संघीयतालाई कार्यन्वयन गर्ने क्रममा वि. सं. २०७४ सालमा पहिलो पटक स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधीहरूको कार्यकाल सम्पन्न भई स्थानीय तहको दोस्रो निर्वाचनको दोस्रो वर्ष सम्पन्न गरी तेस्रो वर्षको हामी प्रारम्भमा छौं। नेपालको संविधानले गरेको व्यवस्था तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि कञ्चन गाउँपालिकाको यस गरिमामय गाउँसभामा नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म गौरवान्वित महशुस गरिरहेको छु। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र नेपाली जनताको पटक-पटकको बलिदानीपूर्ण संघर्ष र विभिन्न जनआन्दोलन तथा मुलुकको समृद्धि र अग्रगमनका लागि बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै गाउँपालिकाको विकासका लागि विभिन्न पटक नेतृत्वदायि भूमिका निर्वाह गरी महत्वपूर्ण योगदान गर्नु हुने श्रद्धेय जनप्रतिनिधिहरू सहित सम्पूर्ण गाउँपालिकाबासी आमा बुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

आ.व. २०८०/८१ मा प्रस्तुत गरेको नीति कार्यक्रमको आधारमा हामीले बजेट निर्माण गरी कार्यान्वयनको अन्तिम चरणमा छौं। यस अवधिमा पालिकाको गतिविधी र उपलब्धी बारे संक्षिप्तमा समीक्षा गर्न चाहन्छु। हामीले कार्यभार सम्हालेको छोटो अवधिमा प्राप्त उपलब्धिहरू उत्साहजनक छन्। शिक्षा, स्वास्थ्य, सडक, सिचाई, खानेपानी, विधुतीकरण, कृषि व्यवसाय, पशुपालन व्यवसाय, साना तथा लघु र घरेलु उद्योगको विकास तथा विस्तार, लैङ्गिक समानता, योजनाबद्ध विकासको थालनी, दिगो विकास लक्ष्यको स्थानीयकरण, गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको थालनी, आवधिक गाउँ विकास योजना, राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्ययोजना, संगठन तथा व्यवस्थापन सर्वेक्षण, आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रवाह मापदण्ड, यातायात गुरुयोजना, व्यवसायिक करदाता विवरण, गाउँपालिकाको वस्तुगत विवरण अद्यावधिक लगायतका दस्तावेज र कार्ययोजना स्वीकृत गरी आगामी दिनमा गर्नुपर्ने काम र भावी कार्ययोजना समेत स्पष्ट निर्देशित छन्।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्नका लागि हामीले पालिकालाई

सुशासनयुक्त पालिका निर्माण गर्न सुशासनका विभिन्न औजारहरू सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिकको गुनासो सम्बोधनका लागि गुनासो सुन्ने अधिकारी जस्ता निकायको व्यवस्था गरी नागरिकसँगको आमने-सामने रुपमा विभिन्न छलफल गरी स्थानीय सरकारको उपस्थितिको अनुभुति गराएका छौ। पालिकाको कामलाई चुस्त दुरुस्त बनाउनका लागि पालिकाले निर्माण गरेको वार्षिक कार्यतालिका अनुरुप भुक्तानि प्रणालीलाई व्यवस्थित गर्नका लागि अधिकतम प्रयास गरिरहेका छौ।

हामीसँग सीमित स्रोत र साधन छ, नागरिकका माग र अपेक्षाहरू असीमित छन्। असीमित साधन र स्रोतमा जनअपेक्षालाई व्यवस्थापन गर्नु पर्नेछ। विगत देखि नै राष्ट्रिय अर्थतन्त्रका सूचकाङ्कहरू महाभुकम्प २०७२, कोभिड-१९ को महामारी, प्राकृतिक तथा मानवीय प्रकोपका साथै विश्वभरी भएको आर्थिक मन्दीका कारण हाम्रो पालिका पनि बजेट कटौतीको मारमा परेको छ। हाम्रो पालिकाको मूख्य आम्दानीको रूपमा स्थानीय नागरिकले तिर्ने विभिन्न सेवा शुल्क, सम्पत्ति कर आदि मुख्य स्रोत हुन् तथापि अधिक समस्या भएतापनि यस गाउँपालिकालाई समृद्ध, सबल, सुशासनको प्रत्याभूति, विकास निर्माण कार्यमा तिब्रता, सेवा प्रवाहमा सरलीकरण, सामाजिक न्यायको प्रवर्द्धन, समानुपातिक विकास, उत्पादन र रोजगारी वृद्धि, हरित सडक निर्माण पर्यावरणीय सन्तुलन, आर्थिक-सामाजिक विभेदको अन्त्य लगायतका विषयमा पालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेटमा यिनै प्राथमिकता राखी यस पालिकाको आकाङ्क्षा "**समुन्नत कञ्चन, सुखी कञ्चनवासी**" को अवधारण लाई आत्मसात गरी अगाडि बढिरहेको अवस्था छ।

नागरिकलाई सहज रुपमा सेवा प्रदान गर्नका लागि नागरिकमैत्री कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी संघीयतालाई संस्थागत गर्न जनमैत्री कानून तथा योजना बनाई कार्यान्वयन गर्ने काम भई रहेकोछ। पालिकाको समग्र विकासमा नागरिकको संलग्नता महसुस हुने गरी उल्लेख्य सुधारका कामहरू भएका छन्।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

अब म हाम्रो कार्यकालमा हालसम्म विभिन्न क्षेत्रमा भएका प्रमुख उपलब्धीहरू प्रस्तुत गर्न चाहन्छु। यस अवधिमा गाउँपालिकाका नागरिकलाई स्वास्थ्य सेवामा थप पहुँच विस्तार गरी सुविधा दिने उदेश्यले गजेडी स्वास्थ्य चौकीमा एम्बुलेन्सको व्यवस्था गरिएको छ।

गर्भवतीहरूका लागि निःशुल्क भिडियो एक्सरे सेवा सञ्चालनमा ल्याएका छौ। संविधानको मर्म अनुरुप तीन वटै सरकारको सहअस्तित्व, सहकार्य र समन्वयमा ठूला पूर्वाधारका योजनाहरू सम्पन्न गरिएको छ। ज्येष्ठ नागरिकलाई घरदैलो मार्फत निःशुल्क चेकजाचं तथा औषधी वितरण गर्ने कार्य गरेका छौ। घरपालुवा कुकुरहरूमा लाग्ने रेविज रोग लगायत अन्य रोग नियन्त्रण गर्ने कार्य गरेका छौं। कञ्चन गाउँपालिकाको भू-उपयोग निति २०८०, आवधिक योजना २०८०/०८१-०८४/०८५। १२ वटा ऐन कानून तथा ४४ वटा कार्यविधी, नियमावली, निर्देशिका तथा मापदण्ड निर्माण गरिएको छ। गाउँपालिका भित्र अव्यवस्थित र भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई पहिलो चरणमा जग्गाधनी प्रमाण पुर्जा वितरणका लागि करिब १५०० घरधुरीको राजस्व प्रकाशन गरी अन्तिम चरणमा पुऱ्याएका छौ प्रायः सबै कित्ताको नापजाँच गर्ने काम सम्पन्न गरिसकिएको छ भने थप करिब ६ हजार कित्ताको डिजिटाइजेशन गरी राजस्वको सूचना निकाल्ने अन्तिम तयारीमा रहेको अवस्थामा संघीय सरकारको परिवर्तन तथा सम्मानित सर्वोच्च अदालतको आदेशले गर्दा जग्गाधनी प्रमाण पुर्जा वितरणको कामलाई यथास्थितिमा राखिएको छ। खेती योग्य जमिनमा सिँचाई पुऱ्याउनका लागि स्यालो ट्यूबेल तथा पम्पसेट मेशिनहरू वितरण गरेका छौं।

स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) को नतिजामा उल्लेख्य सुधार हुनुका साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको प्रतिवेदनमा रुपन्देही जिल्ला भित्र रहेका गाउँपालिकाहरू मध्ये कार्य सम्पादन सूचकाङ्कमा हाम्रो गाउँपालिका अग्रस्थानमा पर्न सफल भएको छ। बेरुजु न्यूनीकरणको अभियान मार्फत आ.व. २०७४/७५ देखि कायम रहको करिब ५ करोड पुरानो बेरुजु समपरीक्षण गरी बेरुजु न्युनीकरणमा सफलता हासिल गरिएको छ भने महालेखा परीक्षकको आ.व.२०७९/८० को प्रतिवेदनमा रुपन्देही जिल्लामा सबै भन्दा कम बेरुजु भएको स्थानीय तहको रुपमा दर्ज भएको छ। उपभोक्ता समिति मार्फत हुने आयोजना कार्यक्रमहरूको समय सिमा निर्धारण गरी तोकिएको समयमा नै सम्पन्न गरी असारे विकासको प्रवृत्तिलाई निरुत्साहित गरिएको छ। ठेक्का प्रक्रियाबाट हुने काममा ढिलाई गर्ने, तोकिएको समयसिमा भित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरूलाई विलम्ब शुल्क लिइएको र काममा अटेरी गर्ने निर्माण व्यवसायीलाई कालो सूचिका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गरी निर्माण कार्यलाई अगाडि बढाइएको छ।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

उपभोक्ता समितिलाई वडा-वडामा गई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनुका साथै घुम्ती शिविर मार्फत योजना सम्झौता गरिएको, वार्षिक कार्यक्रम कार्ययोजना स्विकृत गरी सोही बमोजिम कार्यक्रम सञ्चालन गरिएको, गत तीन आ.व. को तुलनामा राजस्व संकलनमा उल्लेख्य वृद्धि भई अनुमानित राजस्व भन्दा बढि राजस्व संकलन भएको, घुम्ति शिविरमार्फत ज्येष्ठ नागरिक परिचय पत्र तथा व्यवसाय, संघ संस्था दर्ता तथा नविकरणको कार्य अगाडि बढाइएको। भौतिक पुर्वाधार निर्माण कार्यमा दिगोपनाको सुनिश्चितताको लागि आवश्यकता अनुसार प्राविधिक परीक्षण र ल्याव परिक्षण गरिएको कञ्चन गाउँपालिकाको गाउँ गौरबको योजनाको रुपमा रहेको चक्रपथ निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत भई कार्यान्वयनमा जाने अवस्थामा रहेको छ।

माथि उल्लिखित विकासका दृष्टान्त तथा शिक्षा, स्वास्थ्य, सुशासन लगायत विपद् व्यवस्थापन मानवता प्रवर्द्धन एवं सामाजिक विकासका क्षेत्रमा भए गरेका कार्य र उपलब्धीले हामी जनप्रतिनिधीको २ वर्ष कार्यकाल गाउँपालिकाको समग्र विकासमा पूर्णरुपमा सफल रहेको तथ्यलाई उजागर गर्दछन्। साथै यसै जगमा गाउँवासीको सर्वोत्तम हित प्रवर्द्धन गर्ने प्रशासनलाई विकास मैत्री बनाउने कर्मचारीको मनोवल बढाई सुशासन प्रवर्द्धन गर्ने र फजुल खर्च कटौती जस्ता मान्यताबाट निर्देशित भई आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम तयार पारि यस सम्मानीत गाउँसभा समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू,**

अव म समुन्नत कञ्चन सुखी कञ्चनबासीको सपना पुरा गर्नका लागि हामी माझ रहेका अवसर तथा चुनौतिहरू देहाय बमोजिम प्रस्तुत गर्न चाहन्छु।

**विद्यमान अवसरहरू**

***हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्***

- संविधान प्रदत्त २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार सहितको अधिकार सम्पन्न स्थानीय तहको निर्माण हुनु र ती अधिकारहरू क्रमशः कार्यान्वयनको चरणमा हुनु,

- ❖ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु,
- ❖ विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु,
- ❖ विभिन्न पुरातात्विक महत्व बोकेका धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थलहरू रहनु,
- ❖ प्राकृतिक श्रोत र साधनको उपलब्धता हुनु,
- ❖ पालिका क्षेत्रभित्र भौगोलिक तथा सांस्कृतिक विविधता कायम रहनु,
- ❖ गाउँपालिकाको आवधिक विकास योजना निर्माण हुनु,
- ❖ दक्ष र अनुभुवी कर्मचारी हुनु,
- ❖ यथेष्ठ जनशक्ति र कानून कार्यविधिहरू निर्माण हुनु,
- ❖ न्यूनतम प्रशासनिक पूर्वाधारको उपलब्धता हुनु,
- ❖ प्रयाप्त कृषि योग्य जमिन हुनु,
- ❖ विभिन्न कार्ययोजना, दीर्घकालिन कार्ययोजनाको निर्माण हुनु

***उपर्युक्त अवसरहरूका बाबजुत पनि विकास निर्माणको कामलाई गति दिनको लागि हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्***

- ❖ उत्पादन र उत्पादकत्व बढाउँदै कृषि व्यवसायलाई थप व्यवस्थित बनाउनु,
- ❖ व्यावसायिक कृषि प्रति युवाको आकर्षण वृद्धि गर्नु तथा कृषि उपजको बजारीकरण र विविधकरणका साथै विशिष्टीकरण गर्नु,
- ❖ वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु,
- ❖ निर्माण भएको पूर्वाधारको मर्मत संभारका लागि विकास आयोजनाहरूलाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगोपनको शुनिश्चितता कायम गर्नु,
- ❖ विभिन्न समयमा गाउँपालिका क्षेत्रमा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पत्ति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु,
- ❖ आयोजना बैंकको स्थापना गरी कार्यान्वयन गर्नु,
- ❖ गाउँपालिकाको आन्तरिक राजस्व संकलनको दर वृद्धि गर्नु,
- ❖ शुन्य सहनशिलता र शुन्य बेरुजु कायम गर्नु,

**अध्यक्ष महोदय, अब म**

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्न चाहन्छु**

नेपालको संविधान, नेपालको संविधानको प्रस्तावनामा उल्लिखित विषयहरू, नागरिकका मौलिक हक तथा कर्तव्यहरू, राज्यको दायित्व, राज्यका नीतिहरू, स्थानीय तहका एकल तथा साझा अधिकार सूचिका विषयहरू, दिगो विकास लक्ष्य नेपाल सरकारका नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारका आ.व. २०८१/८२ का नीति तथा कार्यक्रमहरू र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य सम्बद्ध कानूनले व्यवस्था गरे बमोजिम गाउँपालिकाको आवधिक विकास योजना, यातायात गुरु योजना, राजस्व सम्भाव्यता सुधार कार्ययोजना, आन्तरिक नियन्त्रण प्रणली, लगायत राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू, संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशन, विगतमा सञ्चालित कार्यक्रमहरूको समीक्षा तथा कार्यानुभव, अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण, राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन, विभिन्न निकाय, क्षेत्र समुदायसँग गरिएका प्रतिवद्धता र नेपाल पक्ष राष्ट्र भएर भएका सन्धि सम्झौताहरू लगायत विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ।

**अध्यक्ष महोदय,**

प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विकासको परम्परागत शैली र गतिलाई परिवर्तन गर्दै अन्य विविध पक्षका अलावा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासका साथै कृषि उत्पादनमा आधारित रही कञ्चन गाउँपालिकालाई "**समुन्नत कञ्चन, सुखी कञ्चनवासी**" मा रूपान्तरण गर्न सरोकारवाला सम्पूर्ण पक्षहरूसँग अगाडि बढिनेछ।

**अध्यक्ष महोदय,**
**अब म विषय क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु**
**आर्थिक विकास क्षेत्रतर्फका नीति तथा कार्यक्रमहरू**

**क. कृषि विकासतर्फ**

१. व्यावसायिक खेती गर्ने कृषकहरूलाई "**पालिकाले सोचेको, कृषकले रोजेको**" कृषक प्रोत्साहन तथा अनुदान कार्यक्रम सञ्चालन गरी खाद्यन्न बालीको उत्पादन तथा

उत्पादकत्त्व वृद्धिमा जोड दिइनेछ। मूल बिउ, उन्नत बिउमा आत्मनिर्भर बनाउन कृषि यान्त्रिकीकरण, आधुनिकीकरण गर्ने क्षमता विकास तथा प्रविधि परिचालन गरी रोजगारी सिर्जना र कृषिलाई विविधीकरण तथा विशिष्टीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। रैथाने बाली संरक्षण र प्रवर्द्धनका लागि अडहर बालीलाई प्राथमिकता दिई उत्पादन र बजारीकरणमा जोड दिइनेछ।

२. किसान सूचीकरण कार्यलाई ५ वटै वडामा सञ्चालन गरी यस वर्ष सम्पन्न गरिनेछ र अनुदानको रसायनिक मल वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउन किसान कार्ड वितरण गरिनुका साथै कम्पोस्ट तथा प्रारङ्गिक मल व्यावसायिक रूपमा उत्पादन गर्ने किसानहरूलाई प्रोत्साहित गर्ने नीति लिइनेछ।

३. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चिता गर्न गाउँपालिका भित्र रहेका बाझो जग्गा राख्ने कार्यलाई दुरुत्साहन गरिनेछ।

४. विपन्न तथा सिमान्तकृत कृषकहरूका लागि उनीहरूको आयस्तर वृद्धि गर्ने खालका कार्यक्रमहरू संचालनका लागि एक वडा एक उत्पादनलाई विशेष जोड दिइनेछ साथै कृषक समूह, कृषक फर्महरूलाई वर्षे तथा हिउँदे तरकारीका बिउ निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ।

५. कृषि उत्पादनमा लागेको लागत भन्दा कम मूल्यमा कृषि उपजहरू बिक्री गर्नु पर्ने बाध्यता हटाउन कृषि क्षेत्रसम्म पुग्ने सडक पूर्वाधारहरू आवश्यकता अनुसार थप गर्ने नीति अंगिकार गरिनुका साथै स्थानीय कृषि उत्पादनको व्यवस्थित बजारीकरणका लागि बजार क्षेत्र भित्र रहेका हाटबजार, तरकारी संकलन केन्द्र प्रयोगमा ल्याई बिक्री वितरणमा पारदर्शिता कायम गर्न आवश्यक पहल गरिनेछ र उत्पादन प्रोत्साहन कार्यक्रममा कृषकहरूलाई समेटिनेछ।

६. बालीनालीको क्षति न्यूनीकरणका लागि आकस्मिक बाली संरक्षण सेवा तथा प्लाण्ट क्लिनिक कार्यक्रम सञ्चालन गरी प्रभावकारी प्रविधि प्रसारको माध्यमबाट कृषकको क्षमता विकासलाई जोड दिइनेछ।

७. आवश्यकताका आधारमा सिंचाई, साना यन्त्र उपकरण, गहुँको बिउ, मकैको बिउ, तरकारीको बिउ, च्याउको बिउ, रसायनिक मल तथा विषादीको विकल्पमा अर्गानिक मल एवं जैविक विषादी वितरणको व्यवस्था मिलाइनेछ।

८. कृषक, कृषक समुह, कृषि फर्म तथा अन्य संघ संस्थाको समन्वय तथा सम्भाव्यताको

आधारमा "**एक वडा एक बाली उत्पादन**", पकेट विकास कार्यक्रम सञ्चालन मार्फत कृषि क्षेत्रलाई स्वरोजगारको आकर्षण क्षेत्र बनाउन पहल गरिनेछ।

९. विदेशबाट फर्किएर कृषि पेशालाई मूल पेशा बनाएका किसानहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

**ख. पशु सेवा तर्फ**

१०. दुध तथा मासुजन्य उत्पादनलाई वृद्धि गर्न नश्ल सुधार कार्यक्रम संचालन गरिनेछ। पशु स्वास्थ्य सेवा कार्यक्रममा उपचार, खोप र प्रयोगशाला सेवालाई प्राथमिकता दिइनेछ साथै दुध र मासु उत्पादनको लागत कम गर्नका लागि हिउदे, बर्षे, बहुवर्षे घाँसको बिउ तथा विरुवा वितरण कार्यलाई निरन्तर रुपमा अगाडी बढाइनेछ।

११. पशुपन्छी पालक किसानको हानी नोक्सानी कम गर्न पशु बिमा कार्यक्रम सञ्चालन गरी "**उत्पादन साथमा अनुदान हात-हातमा**" भन्ने नारालाई आत्मसात गर्दै दुग्ध र मासु उत्पादन किसानलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ।

१२. पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई उत्पादन लागत घटाउनको लागि मागमा आधारित यान्त्रिकिकरण अनुदान कार्यक्रम संचालन गरिनेछ।

१३. पशुपन्छीहरूमा लाग्ने आन्तरिक तथा बाह्य परजीवी लगायत विभिन्न किसिमका रोगहरूको लागि अत्यावश्यक रुपमा चाहिने औषधीहरू पशुपन्छी तथा मत्स्यपालक कृषकहरूलाई निःशुल्क वितरण गरिनेछ।

१४. पशुपन्छीमा लाग्ने महामारी रोग विरुद्ध रोकथामका लागि खोप व्यवस्था गरिनुका साथै आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ साथै निर्वाहमुखी रहेको पशुपालन व्यवसायलाई व्यावसायीकरण गरी आधुनिक प्रविधिमार्फत व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक तालिम गोष्ठी सञ्चालन गरिनेछ।

१५. पशु नश्ल सुधार गरी पशुजन्य उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ साथै सबै वर्गका गाई भैंसी पालक कृषकहरूलाई प्रोत्साहन गर्न गाईभैंसीलाई सुत्केरी स्याहार तथा पोषण सुधार प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१६. पशुपन्छीहरूमा विभिन्न समस्याहरू समाधान गर्नका लागि पशुपन्छी मत्स्य पालक कृषकको घरगोठमा घरदैलो (Door to Door) कार्यक्रम सञ्चालन गरिनेछ साथै पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई उत्पादन लागत घटाउनका लागि मागमा

आधारित यान्त्रिकीकरण अनुदान कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१७. निर्वाहमुखि रहेको पशुपालनलाई व्यावसायिकरण गर्न आधुनिक प्रविधि मार्फत यस गाउँपालिकाका हरेक वडामा गई पशुपन्छी तथा मत्स्य पालक कृषकहरूलाई सचेतनामुलक व्यवसायिक तालिम/ गोष्ठी संचालन गरिनेछ।

१८. छाडा चौपाया तथा जंगली जनावरबाट कृषि क्षेत्रमा हुने क्षतिको न्यूनीकरणका लागि वन कार्यालयसँग आवश्यक समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

## ग. श्रम तथा रोजगार तर्फ

१९. रोजगारी तथा उत्पादन प्रवर्द्धन गर्नका लागि उक्त क्षेत्रमा लगाइने कर घट्दो दरमा कायम गरी कर प्रणालीले समेत उत्पादन मुलक क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिको सुरुवात गरिनेछ।

२०. बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरू कामदारको घरपरिवारका सदस्यलाई प्रदान गरिने औषधी उपचार सहयोग र आर्थिक सहायता तथा सेवाहरू बोर्डसँगको सहकार्य र समन्वयमा संचालन गरिनेछ।

२१. बैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्विकृति र पुनःश्रम स्विकृतिको कार्य गाउँपालिकाबाट सञ्चालन गरिदै आएकोमा त्यसलाई अझ परिस्कृत गरी निरन्तरता दिइनेछ।

२२. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरूलाई न्यूनतम १०० दिनको रोजगारी प्रत्याभुत गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममुलक योजना मार्फत समुदायको विकाससँगै सामाजिक संरक्षणको व्यवस्था समेत मिलाईनेछ।

२३. गाउँपालिकास्तरीय योजनाहरूमा रोजगार सेवाकेन्द्रमा सूचिकृत बेरोजगारहरूलाई प्राथमिकतामा राखी आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गरिनेछ।

२४. निजि क्षेत्रलाई अर्थतन्त्रको विकासमा मुख्य साझेदारको रुपमा लिई गाउँपालिका र नीजि क्षेत्रको बलियो साझेदारीबाट उत्पादन तथा उत्पादकत्त्व अभिवृद्धि र रोजगारी सिर्जना मार्फत गाउँपलिकालाई आर्थिक रुपमा सबल बनाईनेछ।

२५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामाग्री/औजारहरू तथा आयोजनामा लाग्ने श्रमिकको ज्यालामा साझेदारी गरी

कार्यक्रमलाई थप प्रभावकारी र सशक्त बनाईनेछ।

२६. परम्परागत सीप प्रवर्द्धन मार्फत रोजगारी सिर्जना गर्दै उद्यमी बन्न चाहनेलाई उत्प्रेरित गरिनुका साथै बैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगार मुलक कार्यमा संलग्न गराउन आवश्यक पहल गरिनेछ।

२७. सार्वजनिक जग्गामा विभिन्न स्थानमा तारवार गरी सार्वजनिक जग्गा संरक्षण गरिनुका साथै सार्वजनिक जग्गामा बेसार खेती उत्पादनमा जोड दिई सार्वजनिक चौपारी मर्मत सम्भार विद्यालय वाल कम्पाउण्ड र सार्वजनिक जग्गा संरक्षण जस्ता कार्यक्रमहरू प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी कार्यान्वयनका लागि प्रयास गरिनेछ।

## घ. पर्यटन तर्फ

२८. पर्यटकीय क्षेत्रका सडक र कृषि सडकलाई हरियालीयुक्त सडक बनाई पर्यटकीय गतिविधिलाई बढवा दिइनेछ साथै पालिकाभित्र रहेका पर्यटकीय स्थलहरू जस्तै वडा नं. १ को बेलभरियामा रहेको ऐतिहासिक वरको रूख, गजेडी दानापुर ताल, कञ्चन-४ मा रहेको बौद्ध गुम्बा, भैरवघाट, तुलसीघाट, रूद्रेश्वर महादेव धाम, वडा नं. ५ मा रहेका चित्र कुटि वृद्ध आश्रम, वडा नं. ३ को मलावरदेवी मन्दिर, नागपोखरी, सुपा देउराली मन्दिर, वडा नं. २ मा रहेको गणेश मन्दिर जस्ता संरचनाहरूको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइनेछ।

२९. पर्यटनको पूर्वाधार विकासमा स्थानीय संघ-संस्था, समुदाय तथा नीजि क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ।

## ङ. सहकारी तथा वित्तीय संघ-संस्था तर्फ

३०. सहकारी अभियान मार्फत समुदाय स्तरमा रहेका सहकारीहरूको प्रवर्द्धन गरी युवा स्वरोजगार कार्यक्रमलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्धता कायम गरी रोजगारी सिर्जनामा विशेष पहल गरिनेछ।

३१. सहकारीको माध्यमबाट पूँजिको अधिकतम परिचालन गरी सो पूँजीलाई उत्पादनमा केन्द्रित गरिनेछ साथै गाउँपालिकामा रहेका सहकारी संस्थाहरू समुदायस्तरमा प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिई पालिका भित्रका सहकारी संस्थाहरूको संस्थागत विकासमा आवश्यक पहल गरिनेछ।

३२. सहकारी संस्थाहरूलाई सहकारीको मुल्य-मान्यता र सिद्धान्तको अनुसरण गर्न गराउन संस्थागत विकास तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। सहकारी अनुगमन

नियमनलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

३३. सहकारी संस्थाहरूमा संस्थागत सुशासन, लगानी सदुपयोग र सुरक्षाको अनुभूति गराउँदै संस्थाहरूलाई उत्पादन र श्रमको क्षेत्रमा केन्द्रित गराउने नीति अंगिकार गरिनेछ।

३४. सहकारी संस्थाका पदाधिकारी, शेयर सदस्य र कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रियाहरू सञ्चालन गरी नेतृत्वदायी भूमिकालाई अगाडि बढाइनेछ।

३५. सहकारी संस्था सम्वन्धी आवश्यक पर्ने स्थानीय ऐन, कानून, नियमावली, नीति, मापदण्ड निर्माण र संस्थाको कार्यान्वयन तथा नियमन गर्न कार्यलाई प्रभावकारी बनाइनुका साथै सर्वसाधरणको बचत जोखिम न्यूनिकरणका लागि सरोकारबालाहरूसँगको सहकार्यमा आवश्यक नीति तर्जुमा गरिनेछ।

३६. सहकारी सम्वन्धी ऐन तथा मापदण्ड आवश्यकता अनुसार परिमार्जन गर्न सरोकारवालासँग छलफल तथा परामर्श गरिनेछ।

## च. उद्योग तथा वाणिज्य तर्फ

३७. स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटीजन्य कच्चा पदार्थ, सीप, श्रम र प्रविधिको उपयोग गर्न घरेलु उद्योगको स्थापनामा विशेष जोड दिइनेछ।

३८. गाउँपालिकाभित्र सञ्चालित सबै प्रकारका उद्योग, व्यवसायहरूलाई दर्ता प्रक्रियामा आवद्ध गरिनेछ।

३९. कालो बजारी नियन्त्रण, अवैध वस्तु बिक्री वितरणलाई नियन्त्रण गरी उपभोक्ता हितलाई संरक्षण गर्नका लागि अनुगमन प्रणालीलाई नियमित र व्यवस्थित गरिनेछ।

**अध्यक्ष महोदय,**

**अब म सामाजिक विकास क्षेत्रतर्फका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु –**

## क. शिक्षा तर्फ

४०. कञ्चन गाउँपालिकासँग समन्वय गरी शिक्षा तथा सामाजिक विकासको क्षेत्रमा कार्य गर्दै आइरहेका सरकारी, गैरसरकारी संघ संस्थाका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

४१. सामुदायिक तथा संस्थागत विद्यालयहरूको असल अभ्यास आदान प्रदान गरी नतिजा सुधार गर्न विषयगत शिक्षक कलष्टर तयार गरिनेछ।

४२. विद्यालयस्तरिय अतिरिक्त क्रियाकलाप सञ्चालनको कार्यलाई निरन्तरता दिई शारीरिक तथा मानसिकरुपमा फरक क्षमता भएका बालबालिकाहरूको अध्यन अध्यापनमा

सहजता ल्याउन छात्रवृत्ती लगायत अन्य सहायताका कार्यक्रमहरू ल्याइनेछ।

४३. कञ्चन गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौगोलिक विषय क्षेत्रहरू समावेश गरी गाउँपालिकाको स्थानीय विषयको पाठ्यक्रम तयार गरी सकिएकोमा आ.व. २०८१/८२ मा पाठ्यपुस्तक लेखन र PRC तयार गरिनेछ।

४४. अनौपचारिक तथा अनियमित (बेरित) पद्धतिबाट सिकेको ज्ञान, सीप र प्रविधिको समकक्षता निर्धारण गर्न सम्वन्धित निकायसँग पहल गरिनेछ।

४५. सामुदायिक विद्यालयको शैक्षिक प्रशासन सञ्चालन एवम् व्यवस्थापनको लागि प्रधानाध्यापकले गाउँपालिकाको कार्यालयसँग र शिक्षकले प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौतन गर्ने व्यवस्था मिलाइनेछ।

४६. औपचारिक शिक्षासँग सँगै अनौपचारिक शिक्षा क्षेत्रको सुदृढिकरण गर्न सामुदायिक सिकाई केन्द्रलाई जिम्मेवार बनाइनेछ।

४७. सामुदायिक विद्यालयका कर्मचारी तथा बालविकास सहजकार्तालाई दिइदै आएको न्यूनतम पारिश्रमिकलाई निरन्तरता दिइनेछ। विद्यार्थीको मूल्यांकनलाई विश्वसनिय बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न कक्षा आठको गाउँस्तरीय परीक्षालाई थप व्यवस्थित बनाई विद्यार्थी मूल्याङ्कन मात्र नभई विषयगत शिक्षक र विद्यालयको मूल्याङ्कन गर्ने कार्य समेत गरिनेछ।

४८. सामुदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाई कक्षा कोठालाई व्यवस्थित बनाउन थप फर्निचरको व्यवस्था गरिनेछ। गाउँपालिकाभित्रका उत्कृष्ठ शिक्षक र विद्यार्थीलाई पुरस्कृत गरिनेछ । शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) लाई सुदृढ गर्ने कार्यलाई थप व्यवस्थित र परिष्कृत गर्दै विद्यार्थीहरूमा रहेका अन्तर्निहित प्रतिभा प्रवर्द्धन र प्रष्फुटन गर्न खोज अनुसन्धान तथा आविष्कार गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

४९. सामुदायिक विद्यालयमा अध्यनरत सबै छात्राहरूलाई आवश्यक पर्ने सेनेटरी प्याड निःशुल्क उपलब्ध गराइनुका साथै छात्रा, दलित तथा अपाङ्ग विद्यार्थीलाई दिइदै आएको छात्रावृतिलाई निरन्तरता दिइनेछ।

५०. बालबालिकाहरूको सिकाई क्रियाकलाप अभिवृद्धि गरी शैक्षिक गुणस्तर सुदृढिकरण गर्न विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय तथा सूचना प्रविधिको पूर्वाधार विकास गरिने कार्यलाई निरन्तरता दिदै विज्ञान तथा प्राविधिक धारलाई विशेष प्रोत्साहन गरिनेछ।

५१. सबै सामुदायिक विद्यालयहरूलाई पूर्ण प्रविधियुक्त बनाउन आवश्यक पूर्वाधारको

व्यवस्था गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधि र कम्प्युटर शिक्षाको प्रयोगलाई विशेष जोड दिइनेछ।

५२. न्युनतम मापदण्डका आधारमा संस्थागत विद्यालयहरूको बर्गिकरण गरी न्यूनतम मापदण्ड बमोजिम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५३. विद्यालयहरूमा कायम रहेको दरबन्दी र आवश्यक दरबन्दी बारे अध्ययन गरी दरबन्दी मिलान तथा समायोजन गरिनेछ।

५४. गाउँको शिक्षा क्षेत्रको उन्नयनमा समान भूमिका हुने गरी सामुदायिक र संस्थागत विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ।

५५. विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्ति र सहुलियतलाई प्रभावकारी बनाउन आवश्यक संयन्त्र निर्माण गरी एकद्वार प्रणाली मार्फत वितरण गरिने व्यवस्था मिलाइनेछ।

५६. स्थानीय पाठ्यक्रमलाई आवश्यकता अनुसार परिमार्जन गर्दै कञ्चन गाउँपालिकाको पहिचान, जातिय पहिचान, भाषा, संस्कृति र सांस्कृतिक कार्यक्रम र नैतिक शिक्षा सम्बन्धी ज्ञान हुने विषयलाई जोड दिइनेछ।

५७. विद्यालय तहमा विभिन्न खेल विधामा खेलाडीहरू उत्पादन गर्न तथा खेलकुद शिक्षक/प्रशिक्षकहरूको क्षमता विकास गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

५८. संघीय, प्रदेश सरकार तथा विभिन्न संघ संस्थासँग सहकार्य गरी बालबालिकाको विकासक्रम, बाल मनोविज्ञान र बालबालिकामा हुने भावनात्मक तथा व्यावहारिक समस्याको पहिचान र त्यसको प्रारम्भिक व्यवस्थापनको लागि विद्यालयका शिक्षकहरूलाई आवश्यक तालिम प्रदान गरिनेछ।

## ख. युवा तथा खेलकुद तर्फ

५९. गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता संचालनका लागि प्रोत्साहन गरिनुका साथै अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रदेश तथा जिल्ला स्तरीय खेलमा पदक तथा उत्कृष्ट स्थान प्राप्त गर्ने खेलाडीहरूलाई सम्मान तथा पुरस्कृत गरिनेछ।

६०. "**स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद**" अभियानलाई सार्थक बनाउन गाउँपालिका स्तरीय खेलकुद समितिद्वारा गाउँपालिका भित्र संचालन हुने सबै किसिमका खेलहरूलाई एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ । साथै गाउँपालिकाभित्रका युवाहरूलाई खेलकुदमा प्रोत्साहित गरिनेछ।

६१. युवा क्लब गठन, नमूना युवा सांसद स्थापना र अभ्यास कार्यक्रमद्वारा युवाहरूको क्षमता विकास तथा उद्यमशिलताको विकास गरिनेछ।

६२. किशोर अवस्थाका युवा विद्यार्थी वर्गलाई लक्षित गरी लागु पदार्थ दुर्व्यसनमुक्त गर्न सुधारात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## ग. स्वास्थ्य तर्फ

६३. धुम्रपान, मद्यपान, लागुपदार्थ रोकथाम नियमन र नियन्त्रण गर्नका लागि सार्वजनिक स्थलमा निषेधित बोर्ड राखी दुग्धजन्य पदार्थ सेवन गर्ने बानीको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६४. स्वास्थ्य विमा कार्यक्रमलाई सम्पूर्ण नागरिकको सहज पहुँच योग्य बनाउन उत्प्रेरणामूलक क्रियाकलापहरू संचालन गरिनेछ।

६५. नेपाल सरकारले तोके अनुसार पोषणमैत्री, किशोर किशोरीमैत्री, फरक क्षमतामैत्री, सूचना मैत्री, पुर्ण खोपयुक्त, बर्थिङ सेन्टर, गर्भपतन सेवा सञ्चालन भएका स्वास्थ्य संस्थाहरूको गुणस्तरीयता कायम राख्न आवश्यक पहल गरिनेछ।

६६. पुर्ण खोपयुक्त गाउँपालिकालाई निरन्तरताको रुपमा दिगोपनाको लागि अभियानको रुपमा अघि बढाइनेछ।

६७. "**स्वस्थ कन्चन, सम्मृद्ध कञ्चन**" को लागि हरेक कञ्चनबासी स्वस्थ्य र सुखि हुनु पर्ने भएकोले स्वास्थ्यलाई प्राथमिकतामा राखेर दिगो विकास लक्ष्य २०३० का स्वास्थ्यका सूचकहरू पुरा गरी बाल तथा शिशु मृत्यु दरमा कमी ल्याउनुको साथै मातृ मृत्यु दर कम गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

६८. कोभिड १९ को महामारी नियन्त्रण र व्यवस्थापन भएतापनि यस्तै प्रकृतिका महामारी र विपद्को समेत मध्यनजर गरी आगामी दिनमा आउन सक्ने चूनौतीलाई समेत ध्यान दिइनेछ।

६९. गर्भवति देखि सुत्केरी सेवा सँगै नवजात शिशु सेवा र पोषण सेवाको पहुँच लक्षित वर्गसम्म सेवा पुऱ्याई आमा र बच्चाको मृत्युदर कम गर्नु अहिलेको आवश्यकता भएकोले १००० (एक हजार दिन) दिनका आमाहरू र शिशुहरूको स्वास्थ्य सुधार गर्न कार्यक्रम अगाडि बढाइने छ।

कञ्चन गाउँपालिका, रुपन्देही

७०. स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिका मातहतका स्वास्थ्य चौकीमा न्युनतम शुल्क लिई प्रयोगशाला सञ्चालनमा निरन्तरता दिइने छ।

७१. स्वास्थ्यका आधारस्तम्भको रुपमा रहेका सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकालाई स्वास्थ्य क्षेत्रमा पुर्‍याएको योगदानको उच्च सम्मान गर्दै उत्कृष्ट महिला स्वास्थ्य स्वयंमसेविकालाई पुरस्कृत गरिनेछ साथै चालु आ.व. मा बिनयोजित रकमलाई निरन्तरता दिदै समयानुकुल वृद्धि गर्ने नीति अंगिकार गरी सेवा अवधि पुरा गरी अवकाश हुने महिला स्वास्थ्य स्यमसेविकालाई सम्मानजनक बिदाईको व्यवस्था गरिनेछ।

७२. कञ्चनबासीलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. सुत्केरीसंग उपाध्यक्ष कार्यक्रम अन्तर्गत कञ्चन भित्रका बर्थिङ सेन्टरमा सुत्केरी हुन आउने कञ्चनबासी महिलाहरूलाई दिइने पोषण खर्चलाई निरन्तरता दिइनेछ।

७४. कञ्चन गाउँपालिकालाई आगामी आ.व. मा जिरो होम डेलिभरी (घरमा शुन्य प्रसूति) पालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

७५. मानसिक तथा नसर्ने रोगहरूको बढ्दो चापलाई न्यूनिकरण गर्दै सक्रिय जीवनशैली र पोषणयुक्त खानपान प्रवर्द्धन गर्न कार्यक्रम संचालन गरिनेछ।

७६. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम अगाडि बढाइ सिङ्गो गाउँपालिकालाई पोषणमैत्री उन्मुख बनाउन कार्यक्रम संचालन गरिनेछ। साथै पोषण कार्यक्रम अन्तर्गत घर-घरमा करेसाबारी र फलफूलका बिरुवा रोप्ने अभियान सुरुवात गरिनेछ।

७७. विद्यालय स्वास्थ्यलाई प्रवाभकारी बनाउन विद्यालय नर्स कार्यक्रम सञ्चालनको सुरुवात गरिनेछ।

७८. ग्रामीण भिडियो एक्सरे सेवाद्वारा गर्भवती स्वास्थ्य परिक्षणलाई निरन्तरता दिंदै प्रदेश सरकारको समन्वयमा थप बिस्तार गर्दै लगिनेछ।

७९. मोतिया बिन्दुको कारण आँखाको ज्योति गुमाएकाहरूको स्क्रिनिङ तथा निःशुल्क अप्रेशनको लागि सहयोगी निकायहरूको समन्वय तथा साझेदारीमा गरिने क्रियाकलापलाई निरन्तरता दिइनेछ।

८०. गाउँपालिका "**अध्यक्षसँग स्वस्थ्य शिशु देखि ज्येष्ठ नागरिकसम्म**" को नीति लिदै नवजात शिशु र आमाको पोषण, स्वास्थ्य परीक्षण शिविरहरूलाई घरदैलोसम्म पुर्‍याइनेछ।

८१. नियमित खोप, महामारीजन्य रोगविरुद्धका खोपलाई थप व्यवस्थित र प्रभावकारी बनाउदै खोप लगाउन छुट भएकाहरूलाई खोपको पहुँचमा ल्याइनेछ र बालबालिका

खोप कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गर्न प्रत्येक वर्ष पूर्णखोप सुनिश्चितताका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. कञ्चनबासीहरूको स्वास्थ्य अवस्थालाई सुदृढ गर्नको लागि सामुदायिक महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्य आमा समूह, टोल विकास संस्था, युवा क्लव, बालक्लब जस्ता संस्थाहरूलाई स्वास्थ्य सम्बन्धी कार्यमा परिचालन गरिनेछ र उत्कृष्ट कार्य गर्ने संस्थालाई सम्मान गर्ने नीति लिइनेछ।

८३. सुत्केरी अवस्था र नवजात शिशुमा देखिने स्वास्थ्य समस्याको समयमै पहिचान गरी उपचार गर्न सुत्करी जाँच कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

८४. सुरक्षित मातृत्व कार्यक्रमलाई थप प्रभावकारी रुपले सञ्चालन गरी नतिजामुखी बनाउदै नवजात शिशु, आमा र बालबालिकाको पोषण स्थितिलाई विशेष जोड दिइनेछ। गाउँपालिका भित्रका सरकारी कार्यालय परिसरमा सेवाग्राही आमाहरूको सहजताका निम्ति छुट्टै स्तनपान कक्ष निर्माणका लागि आवश्यक पहल गरिनेछ।

८५. एच. आइ. भि./ एड्स, क्षयरोग, कुष्ठरोग,औलो, कालाजार, हात्तीपाइले, डेँगु, स्क्रब टाइफस आदि सर्ने तथा नसर्ने रोगहरूको रोकथाम, नियन्त्रण तथा निवारणका लागि आवश्यक स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८६. किशोरीहरूमा हुने रक्त अल्पत्ता कम गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८७. महिलाहरूको पाठेघर, स्तन क्यान्सर परीक्षण गर्न आवश्यकता अनुसार शिविर सञ्चालन गर्ने र उपचारमा सहुलियत प्रदान गरिनेछ।

८८. जनस्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा सामाजिक सुरक्षा लगायतका नियमित कार्यक्रम जस्तै सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, बाल स्वास्थ्य, विद्यालय स्वास्थ्य, लैङ्गिक हिंसा रोकथाम, किशोरकिशोरी शिक्षा, महिला स्वास्थ्य स्वयंसेविका लक्षित कार्यक्रम आदिमा मानसिक स्वास्थ्यलाई एकीकृत गर्दै मानसिक रोग सम्वन्धी अन्धविश्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्द्धन र रोकथामका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८९. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको मानसिक स्वास्थ्यको तालिम (MHGAP) सवै स्वास्थ्य संस्थाका योग्यता पुगेका सबै स्वास्थ्यकर्मीहरूलाई प्रदान गरिने व्यवस्था गर्दै नियमित क्लिनिकल सुपरभिजन प्रदान गरी मानसिक स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरिनेछ।

९०. मनोसामाजिक परामर्शको आवश्यकता भएका समूह छनौट गरी आवश्यक मनोपरामर्शका कक्षाहरू सञ्चालन गर्ने कार्यलाई अगाडी वढाइनेछ।

९१. मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरू तथा उनीहरूको परिवारका सदस्यहरूको हकहितको संरक्षण, उपचार, सुरक्षा, पुनःस्थापना र सामाजिक समावेशीकरणको लागि अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति २०७७ मा उल्लेख भए अनुसार यस गाउँपालिकाको उपलब्ध श्रोत र साधनको आधारमा आवश्यक व्यवस्था मिलाइनेछ।

९२. मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरू प्रति हुने हिंसा कम गर्न र त्यस्ता व्यक्तिहरूको हेरचाह, सुरक्षा, शिक्षा, रोजगारीमा उनीहरू प्रति गरिने विभेदको रोकथाम तथा व्यवहारमा सुधार ल्याउनका लागि यस गाउँपालिकामा रहेका विभिन्न निकायहरूसँग समन्वय गरी त्यहाँ कार्यरत कर्मचारीहरूको लागि अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ।

९३. गाउँपालिकामा कम्तिमा पनि दुईजना योग्यता पुगेका व्यक्तिहरूलाई मनोसामाजिक परामर्शकर्ताको रुपमा विकास गर्नका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको मनोसामाजिक परामर्शको तालिममा सहभागी हुने व्यवस्था मिलाइने छ।

९४. गाउँपालिकाको स्वास्थ्य शाखाले शिक्षा युवा तथा खेलकुद शाखा,महिला बालबालिका तथा जेष्ठ नागरिक ईकाइको समन्वय र सहयोगमा जन चेतनाका सामग्रीहरू विकास गरी कार्यक्रम सञ्चालन गर्ने तथा मनोसामाजिक अपागंताको पहिचान गरी परिचय पत्र प्रदान गरिनेछ।

९५. वैदेशिक रोजगारीमा गएका व्यक्ति तथा उनीहरूको परिवारका सदस्यहरूमा देखापर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।

९६. स्थानीयस्तरमा रोजगार प्रदान गर्ने संस्थासँग समन्वय गरी कडा खालका मानसिक स्वास्थ्य समस्या भई उपचार पछि सुधार हुँदै गरेका व्यक्ति तथा मानसिक स्वास्थ्य समस्याको जोखिममा रहेका व्यक्तिहरूलाई आयआजर्नको काममा संलग्न तथा रोजगार प्रदान गर्न पहल गरिनेछ।

९७. विद्यमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा मानसिक स्वास्थ्य सम्वन्धी सूचनाहरू समावेश गरी सम्बन्धित निकायहरूमा नियमित पठाउने व्यवस्था गरिनेछ साथै आत्महत्या सम्वन्धी तथ्यांक व्यवस्थित गर्नको लागि गाउँपालिकाको स्वास्थ्य शाखा र प्रहरी प्रशासनसँग सहकार्यमा आत्महत्याको तथ्यांक राख्ने प्रणालीको विकास गरिनेछ।

९८. स्थानीयस्तरमा मानसिक स्वास्थ्यको अवस्था पत्ता लगाउन आवधिक अनुसन्धानका लागि कार्ययोजना निर्माण गरी मानसिक स्वास्थ्य सम्वन्धि अध्ययन अनुसन्धानको प्रवर्द्धन गर्न नीजि, गैरसरकारी र प्राज्ञिक क्षेत्रहरूसँगको सहकार्यलाई प्रोत्साहन गरिनेछ। यसबाट आएको नतिजालाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सार्वजनीकरण गर्दै नीति तथा कार्यक्रममा परिमार्जन गर्दै लगिनेछ।

९९. गृहणीहरूका लागि भान्सा सुधार कार्यक्रम अगाडि बढाउनुका साथै पूर्वकर्म तथा पञ्चकर्मका लागि आवश्यक सामग्रीको प्रवन्ध  समेत गरिनेछ।

१००. वैकल्पिक उपचार पद्दतीका लागि अत्यावश्यक औषधीको सूचिमा सूचिकृत औषधीहरूको प्रवन्ध निः शुल्क वितरणको व्यवस्था मिलाइनेछ।

१०१. योग शिक्षक प्रशिक्षण तालिम र शिक्षक योग प्रशिक्षक तालिम सञ्चालन गरिनेछ।

१०२. स्वस्थ जीवनशैलीका लागि योग भन्ने नीति अवलम्बन गरी सन्तुलित आहार, शारीरिक व्यायाम, स्वस्थ्यकर खाना, योग, ध्यान र प्रणायाम जस्ता कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ साथै जनप्रतिनिधि र कर्मचारीहरूको जीवनशैली तथा तनाव व्यवस्थापनका लागि योगध्यानका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## घ. भाषा, कला, संस्कृति र पर्यटन तर्फ

१०३. जातिय पहिचानका भाषा, कला, साहित्य, धर्म, संस्कृति, ऐतिहासिकता लगायतको पहिचानलाई प्रवर्द्धन गर्ने खालका सामग्री उत्पादन तथा वितरणमा सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ।

१०४. विभिन्न जातजाति, समुह, वर्गहरूको परम्परा, संस्कृति पहिचान गरी जातीय र भाषिक पहिचान दिने परम्परागत उत्पादनलाई प्राथमिकता दिदै संरक्षण र प्रवर्द्धन गर्दै लगिनेछ।

## ङ. खानेपानी तथा सरसफाइ तर्फ

१०५. गाउँपालिकाका विपन्न परिवारहरूलाई निःशुल्क धारा जडान गर्नका लागि खानेपानी उपभोक्ता समितिसँग आवश्यक समन्वय गरी सामाजिक उत्तरदायित्व मार्फत धारा जडान गर्न र त्यसको अनुगमन तथा नियमन गर्ने कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ।

१०६. गाउँपालिकास्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा शुद्ध पिउने पानीको प्रबन्ध

गर्न खानेपानी संस्था, गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा फिल्टर जडान कार्यक्रम संचालन गरिनेछ।

**च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

१०७. महिलाहरूको सक्रिय सहभागितामा स्थापना हुने र सञ्चालनमा रहेको लघु उद्योगहरूलाई प्रोत्साहन गर्ने कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

१०८. महिलाहरू मात्र सदस्य रहेका सहकारी तथा समुहहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०९. लैङ्गिक हिंसा निवारण तथा तत्काल उद्धार राहत कोष सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाई उक्त कोष सञ्चालन सम्वन्धी कार्यविधि बनाई अगाडि बढाइनेछ जसबाट लैङ्गिक हिंसामा परेका व्यक्तिहरू प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन्।

११०. महिलाहरूमा रजनोवृतिको समयमा देखा पर्ने नकारात्मक प्रभाव र समस्याहरूलाई न्यूनीकरण गर्न आवश्क कार्यक्रम अगाडि बढाइनेछ साथै वातावरण मैत्री धोएर पुनःप्रयोग गर्न मिल्ने सेनेटरी प्याडको उत्पादन र वितरणलाई आवश्यक समन्वय र सहजिकरण गरिनेछ।

१११. महिलाहरूलाई आत्मनिर्भर बनाउन शसक्तिकरण गरी आवश्यक सीपमूलक तालिमहरू प्रदान गरिनेछ।

११२. परिवार तथा संरक्षकबाट पाउनु पर्ने उचित माया ममता तथा हेरचाह पाउन नसकेका ज्येष्ठ नागरिकहरूका आवश्यकता र समस्या बुझ्न मनोसामाजिक परामर्श गरी समस्या सामाधानको लागि आवश्यक पहल गरिनेछ।

११३. लैङ्गिक हिंसा, घरेलु हिंसा, विभेद तथा असमानतालाई उजार गरी समानता तथा समतालाई अंगिकार गर्दै अगाडि बढ्ने नीति लिइने र नीति निर्माणका हरेक तहमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

११४. गाउँपालिकामा दर्ता तथा नविकरण भएका आमा समुह मध्येबाट प्रत्येक वडामा पर्ने गरी एक आमा समुह एक लघु उद्यम कार्यक्रमलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

११५. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (लैसअसास) हेल्प डेस्क स्थापना कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ।

११६. सामाजिक कुरीति कुसंस्कार तथा जातिय विभेद तथा छुवाछुतलाई व्यावहारिक

रुपमा अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ।

११७. गरिब, असहाय, एकल महिला,विपन्न परिवार तथा हिंसा पीडित महिलाहरूलाई क्षमता विकास तथा सीपमूलक तालिमहरू प्रदान गरी सक्षम र आत्मनिर्भर बनाउने नीति लिइनेछ।

**छ. बालबालिका तर्फ**

११८. बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ। साथै बालक्लवहरूको क्षमता विकास गरी बाल अधिकार संरक्षण समितिलाई पुर्णता दिई अभिमूखिकरणका कार्यक्रमहरू संचालन गरिनेछ।

११९. बालबालिकाको सामाजिक, बौद्धिक, संवेगात्मक तथा नैतिक विकासका लागि "**अध्यक्ष सँग बलाबालिका कार्यक्रम**" लाई सञ्चालनमा ल्याइनेछ।

१२०. बालबालिकाहरूमा हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहार तथा जघन्य अपराध न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चान गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासको लागि विशेष प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरू अगाडि बढाइनेछ।

१२१. बाल क्लवहरू गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका क्रियाकलापहरूमा अग्रसर गराइनेछ।

१२२. बौद्धिक अपाङ्गता भएका बालबालिकाहरू तथा अन्य व्यक्तिहरूलाई सरल र सहज जीवनयापनको लागि आवश्यकता पहिचान गरी सोही अनुसारका कार्यक्रमलाई अगाडि बढाइनेछ।

१२३. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्न बालबालिकामा हुने शारीरिक, मानसिक तथा यौनजन्य दुर्वूयवहार नियन्त्रण तथा बालशोषण, दमन, अन्याय र अत्याचारलाई हटाउदै बालअधिकारलाई पूर्णरुपमा कार्यान्वय गर्ने नीति लिइनेछ।

१२४. बाल बिबाह बिरुद्ध सचेतनामूलक एवम् क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. संरक्षकत्व गुमाएका बालबालिका तथा अन्य व्यक्तिहरूको लागि पुनः स्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२६. अनाथ एवं विपन्न परिवारका बालबालिकाहरूलाई अन्य बालबालिका सरह शिक्षाको पहुँचमा ल्याउन विशेष व्यवस्था मिलाइनेछ।

१२७. फरक क्षमता भएका बालबालिकाहरूका लागि विशेष शिक्षाको व्यवस्था गर्न विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

## ज. ज्येष्ठ नागरिक तर्फ

१२८. ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ साथै ज्येष्ठ नागरिक मिलन केन्द्रहरूलाई व्यवस्थित गरी ज्येष्ठ नागरीकहरूको दुःख सुख बिश्राम चौतारीको रुपमा सञ्चालन गर्ने गरी प्रक्रिया अगाडि बढाइनेछ।

## झ. अपाङ्गता तर्फ

१२९. अपाङ्गता परिचय-पत्र वितरण गर्ने कार्यलाई छिटो, छरितो र प्रविधिमैत्री बनाई सेवा प्रवाहमा गरिनेछ साथै अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सामग्री तथा सहयोग कार्यक्रम र मनोसामाजिक परामर्श सेवा दिइनेछ।

१३०. ग वर्गको अपाङ्गता भएका व्यक्तिहरूलाई गाउँपालिकाको निश्चित अनुदानमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

## ञ. लक्षित वर्गतर्फ

१३१. दलित समुदायको सामाजिक, आर्थिक सक्षमता र अर्थोपार्जनमा बढोत्तरीका लागि परम्परागत ज्ञान र सीपलाई क्रमशः व्यावसायिक, प्रविधिमैत्री र आधुनिक बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३२. समाजमा रहेका सबै प्रकारका जातीय विभेद, छुवाछुत, जातीय आधारमा हुने विभिन्न किसिमका हिंसा, वर्गीय आधारमा गरिने विभेदलाई निरूत्साहित र न्यूनिकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम तथा अभियानहरू सञ्चालनका लागि विशेष पहल गरिनेछ।

१३३. आदिवासी जनजाति वर्गको दक्षता लगायतका समग्र विकासका लागि सीपमूलक, आयमूलक, क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३४. आदिवासी जनजातिहरूको भाषा, कला, धर्म र संस्कृति लिपि आदिको संरक्षण र संवर्द्धनका लागि आवश्यक पहल गरिनेछ।

१३५. आदिवासी जनजाति, पिछडावर्ग आदिको भाषा, लिपि, बाजागाजा, रितिरिवाज परम्परा, संस्कृतिको संरक्षण गर्ने नीतिलाई अंगिकार गरिनेछ।

१३६. मधेसी वर्ग र समुदायको हक हितका लागि आवश्यक पहल गरिनेछ मुस्लिम

समुदायमा रहेका मदरसाहरूलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१३७. प्रायः थारू जातिमा देखिने सिकलसेल एनिमिया रोग, नसर्ने रोगहरू एवं उपेक्षित उष्णप्रदेशिय रोगहरूको रोकथाम र न्यूनिकरणका लागि सचेतना लगायतका विविध कार्यक्रमहरू सरकारी तथा गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ।

१३८. शहीद, वेपत्ता र द्वन्दपिडित परिवारको आय आर्जनका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**ट. राष्ट्रिय परिचय–पत्र तथा पञ्जिकरण तर्फ**

१३९. सामाजिक सुरक्षा तथा पञ्जिकरणका कार्यहरूलाई एम. आइ. एस. प्रणालीमा अद्यावधिक गरी प्रभावकारी बनाउन आवश्यक समन्वय गरिनेछ।

१४०. सामाजिक सुरक्षा भत्ता नविकरण, घटना दर्ता सप्ताह कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण लगायतका कार्यक्रम प्रभावकारी बनाउन प्रचारप्रसार अभियान सञ्चालन गरिनेछ।

**अध्यक्ष महोदय,**

**अब म भौतिक पूर्वाधार तर्फका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु –**

**क. सडक तथा पुल तर्फ**

१४१. सडकमा अनुचित ढंगबाट राखिएका निर्माण सामग्रीको कारण आवागमनमा अवरोध हुने तथा दुर्घटना समेत हुने हुँदा त्यस्तो कार्यलाई कडाईका साथ नियन्त्रण गरिने छ।

१४२. हरेक वडाहरूको भौगोलिक तथा प्राकृतिक बनोट, विकास तथा सुविधाको पहुँच र पहिचानमा विविधता रहेको हुँदा सोही विविधता बमोजिम विकास निर्माणका आयोजनाहरू कार्यान्वयन गरिनेछ साथै निर्मित सडक पूर्वाधारहरूको दिगोपनाका लागि नियमित मर्मत संभार गरिनेछ। निर्मित संरचनाहरूको नियमित मर्मत संभार तथा दिगोपनाको लागि प्रत्येक योजनाहरूबाट निश्चित प्रतिशत रकम कट्टी हुने गरी छुट्टै मर्मत संभार कोषको स्थापना गरी नियमित मर्मत संभारको व्यवस्था मिलाउने नीति अवलम्वन गरिनेछ।

१४३. गाउँपालिकाको चक्रपथ लगायत गाउँ गौरवका योजनाहरूलाई केन्द्र सरकार तथा प्रदेश सरकारको समन्वयमा अघि बढाइनुका साथै गाउँपालिका भित्रका मूख्य

सडकहरूको स्तरोन्नती गर्दै लगिनेछ र गाउँपालिकाको सडक गुरूयोजना अनुसार सडक निर्माणका कार्यहरूलाई अगाडि बढाइनेछ।

**ख. सिंचाई तथा तटबन्ध तर्फ**

१४४. गाउँपालिकाको गौरवको रूपमा रहेको कञ्चन सिंचाई आयोजनालाई कार्यान्वयनका लागि विस्तृत अध्ययन प्रतिवेदन (DPR) बमोजिम संघीय र प्रदेश सरकारसँग समन्वय गरी आयोजनालाई निर्माण गर्न आवश्यक पहल गरिनेछ।

१४५. दीगो सिंचाईको व्यवस्थापन गर्न कोठी नदी बाट लिफ्ट सिंचाई मार्फत खेती योग्य जमिनमा सिंचाईको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ साथै लिफ्ट सिंचाईको योजना सम्भव नभएका स्थानहरूमा डिप ट्यूवेल र स्यालो ट्युवेल मार्फत सिंचाई सुविधा पुऱ्याइने कार्यलाई निरन्तरता दिइनेछ। कञ्चन नदी, कोठी नदी लगायत अन्य नदीहरूको कटानलाई रोक्न आवश्यक तटबन्धको व्यवस्था गरिनेछ।

**ग. भवन तथा सहरी विकास तर्फ**

१४६. भवन निर्माण संहितालाई कडाईका साथ कार्यन्वयन गरी सबै खाले घरटहरा निर्माण कार्यलाई नियमन गरी नक्सा पासको दायरामा ल्याइनेछ।

१४७. गाउँपालिकालाई हरियाली, वातावरणमैत्री बनाउन एक वडा एक हरियाली सडक बनाइनेछ।

१४८. भवन संहिता अनुसार भवन निर्माण गर्न यस गाउँपालिकामा रहेका डकर्मीहरूलाई आवश्कता अनुसार पुनतार्जगी तालिमका अतिरिक्त अन्य तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१४९. पूर्वाधार विकाससँग सम्वन्धित सडक, यातातयात, कृषि, सिचाई, खेल पूर्वाधार, खानेपानी ढल निकास, पर्यटन पूर्वाधार, सरकारी विद्यालय, क्याम्पस शैक्षिक पूर्वाधार, स्वास्थ्य पूर्वाधार, फोहोर व्यवस्थापन पूर्वाधार कार्यक्रमलाई थप प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति लिईनेछ।

१५०. विभिन्न जातजाति, धर्म संस्कृतिको जगेर्नाका लागि धार्मिक आस्थाका धरोहरहरू मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्चको संरक्षण तथा संवर्द्धन गरिनेछ।

१५१. नयाँ भवनको नक्सा पास र पुरानो भवनलाई अभिलेखीकरण तथा नियमित प्रक्रियामा लैजान पालिकाभित्र रहेका भवनको निर्माण मापदण्ड स्वीकृत गरी लागु गरिनेछ।

**घ. ऊर्जा तर्फ**

१५२. "**हाम्रो कञ्चन, उज्यालो कञ्चन**" भन्ने अवधारण अनुरुप गाउँपालिका अन्तर्गतका मुख्य तथा सहायक मार्गहरूमा रातको समयमा आवातजावतमा सहजता ल्याउन, अप्रिय घटना नियन्त्रण गर्न र शहरी सौन्दर्यता समेत अभिवृद्धि गर्नका लागि नेपाल विद्युत प्राधिकरणसँगको सहलगानीमा स्मार्ट सडक बत्ती जडान कार्यका लागि आवश्यक पहल गरिनेछ।

१५३. गाउँपालिकाबासीलाई विद्युतीय चुलो र वायो ग्याँसमा अनुदान दिने कार्य वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र स्थानीय सरकारको लागत साझेदारीमा यसै वर्षदेखि शुरू गरी क्रमशः अनविकरणीय ऊर्जा प्रतिस्थापन गर्ने नीति अख्तियार गरिनेछ।

१५४. ५ वटै वडा कार्यालयहरूमा सौर्य ऊर्जालाई वैकल्पिक ऊर्जाको रूपमा व्यवस्थापन गरिनेछ।

**अध्यक्ष महोदय,**

**अब म सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु–**

**क. सेवा प्रवाह तथा सुशासन तर्फ**

१५५. "**सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा**" भन्ने अवधारणालाई आत्मसात गर्दै समय-समयमा वडामा एकीकृत घुम्ती सेवा सञ्चालन गरिनेछ भने गाउँपालिका मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा "**नागरिकका लागि मुस्कान सहितको सेवा**" अभियान सञ्चालन गरिनेछ।

१५६. सार्वजनिक सेवालाई वस्तुनिष्ठ र प्रभावकारी बनाउका लागि जवाफदेहिता, पारदर्शिता, उत्तरदायित्व, सहभागिता, कानूनको शासन जस्ता सुशासनका आधारस्तम्भहरूको परिपालना गर्दै सेवा प्रभावको सुनिश्चितता र जवाफदेहिताका लागि नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतीय शासन जस्ता नविनतम शासकीय आयाम र औजारहरूलाई अधिकतम रूपमा परिचालन गरिनेछ।

१५७. सेवा प्रभाहको प्रवेश बिन्दु वडा कार्यालय रहेको हुँदा वडाबाट हुने सेवा प्रभाहलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउनका लागि वडा कार्यालयहरूको संस्थागत क्षमता अभिवृद्धि र क्षमता विकास कार्यक्रमहरू मार्फत सेवाग्राहीहरूलाई सेवाको प्रभावकारिता र सेवाको बजारिकरण साथै विविधिकरणका लागि कार्यालयलाई सूचना प्रविधिमैत्री बनाई सेवामा प्रभावकारिता कायम गरिनेछ।

१५८. गाउँपालिकामा नागरिक सहायता कक्षलाई सञ्चालनमा ल्याई वडा कार्यालयमा समेत नागरिकको सहजताका लागि नागरिक सहायता कक्षको अवधारणा क्रमशः लागू गरिनेछ।

१५९. कार्य सम्पादनमा गुणात्मकता कायम गरी सेवा प्रभावमा सहजिकरण र सुधार गर्न कर्मचारीहरूको कार्य उत्प्रेरणा र मनोबलमा उल्लेख्य बृद्धिका लागि मौद्रिक र गैर मौद्रिक उत्प्रेरणाका कार्यक्रमहरू सञ्चालन गरिनेछ साथै कर्मचारीहरूको मनोवल उच्च राखी नागरिकमैत्री सेवा संचालनमा उत्प्रेरित गर्नको लागि कार्यालय समय भन्दा अतिरिक्त काम गरेका कर्मचारीहरूलाई प्रमाणित अभिलेखका आधारमा निश्चित दरमा अतिरिक्त समय भत्ता तथा खाजाको व्यवस्था गरिनेछ।गाउँपालिका अन्तर्गतका कर्मचारीहरूलाई नियमित रुपमा खाजा र कार्यपालिकाको निर्णय बमोजिम निश्चित दरमा ईन्धनको व्यवस्था समेत गरिनेछ।

१६०. खर्चमा मितव्ययीता कायम गर्नका लागि चालू प्रकृतिका खर्चहरूमा कटौती गरी पूँजीगत खर्च वृद्धि गर्दै लगिनेछ साथै सार्वजनिक खर्च कटौती र चालु खर्च नियन्त्रणका लागि कार्यालय समयमा अनुगमन तथा बैठकहरू सञ्चालन गरेवापतको भत्ता तथा खाजा खर्चलाई नियन्त्रण गरिनेछ।कार्यालयको खर्च सम्बन्धी मापदण्डलाई विश्लेषण गरी परिमार्जन समेत गरिनेछ। विभिन्न समूहहरूवाट हुने अवलोकन भ्रमणका कार्यक्रममा सहभागीहरूले समेत निश्चित दरमा आर्थिक साझेदारी गर्नुपर्ने व्यवस्था मिलाईनेछ।

१६१. जनप्रतिनिधी र सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरूलाई विषय विज्ञहरूबाट सार्वजनिक खरिद र आर्थिक ऐन नियमको बारेमा प्रशिक्षित गर्ने कार्य गरिनेछ। साथै सार्वजनिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरिनेछ। आर्थिक अनुशासन, खर्चमा मितव्ययिता र भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्वन गरी असल शासनको प्रवर्द्धनमा जोड दिइनेछ । सरकारी कार्यप्रणालीमा पारदर्शिता र जवाफदेहीता अभिबृद्धि गरी सुशासन कायम गरिनेछ । वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दै बेरुजु कम गरिनेछ । कायम रहेको बेरुजुलाई फर्छौट गर्नको लागि प्राथमिकता दिइनेछ।

१६२. नागरिकहरूको जनगुनासो गुनासो सुन्ने अधिकारी मार्फत तत्कालै सम्बोधन गर्ने व्यवस्थालाई निरन्तरता दिनुका साथै सूचनामा आम नागरिकको सूचना पाउने हक स्थापित गर्न सूचना अधिकारीको माध्यमबाट सूचनाहरूलाई सार्वजनिकीकरण गर्दै लगिनेछ।

१६३. सार्वजनिक सेवा प्रभाह र सुशासनलाई आफ्नो मूख्य कर्म मान्दै कर्मचारी र जनप्रतिनिधिहरू "**जनताका मालिक होइनन्, सेवक हुन**" भन्ने अनुभूति दिलाउने गरी कार्य गरिनेछ साथै यस अगाडि गरिदै आएको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सार्वजनिक सुनुवाई, सरोकारवालाहरूसँगको अन्तरक्रिया, भेटघाट लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१६४. नागरिक सन्तुषटि सर्वेक्षण र पालिकाका क्रियाकलापहरूलाई पारदर्शि बनाउनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक प्रतिवेदन पत्र, बहिर्गमन विधि लगायतका शुसासनका औजारहरू अवलम्वन गरिनेछ।

१६५. स्थानीय तहमा भ्रष्टाचार मुक्त प्रशासन, गुणस्तरीय विकास निर्माण र सुशासन भन्ने मूल मर्मलाई दृढतापूर्वक कार्यान्वयन गर्ने नीति लिइनेछ।

१६६. सेवा प्रवाहलाई चुस्त, दुरुस्त र व्यवस्थित बनाउन जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी विज्ञ आमान्त्रित गरी आवासीय तालिम प्रदान गरी संस्थागत सुदृढिकरण गरिनेछ।

१६७. गाउँपालिकाबाट प्रदान भइ रहेको शिक्षा, स्वास्थ्य, पूर्वाधार, विपद् जोखिम न्यूनिकरण, प्रशासनिक सेवाहरूलाई गुणस्तरको चरणवद्ध परीक्षण गरी अन्तराष्ट्रिय गुणस्तर मान्यता प्रदान गर्न आवश्यक प्रवन्ध मिलाइनेछ।

१६८. गाउँपालिका मातहतका कार्यालयबाट प्रवाह हुने सबै किसिमका सेवा प्रवाहलाई जनमुखि जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधरणलाई उपलब्ध गराउन कानूनको शासन, भ्रष्टचारमुक्त, चुस्त प्रशासन, विकेन्द्रीकरण आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधरणले पाउनु पर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने व्यवस्था मिलाइनेछ।

१६९. संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम गाउँपालिकाले सिर्जना गरेका दरबन्दीमा कार्यरत यस गा.पा. र वडा कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि दिर्घकालिन रुपमा स्थायी सरह समान रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यका साथ समायानुकुल तलब, सुविधामा वृद्धि गर्दै लैजाने नीति अंगिकार गरिनेछ।

१७०. उपभोक्ता समितिबाट गर्न उचित र सहज हुने योजनाहरूको सूचि तयार गरी गुणस्तरीय र दीगो निर्माण कार्य गर्नका लागि समयमै उपभोक्ता समिति गठन गरी सम्पूर्ण सम्झौताहरू फाल्गुन मसान्त भित्र सक्ने लक्ष्यका साथ पुँजिगत खर्च बढाउने नीति अंगिकार गरिनेछ।

१७१. निर्माण कार्यको गुणस्तरियताका लागि बोलपत्र प्रकृया र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको ल्याव परीक्षण र अनुगमनको कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१७२. गाउँपालिकाको आवधिक गाउँ विकास योजनाको प्राथमिकताक्रम अनुसार बजेट तर्जुमा र कार्यान्वयन गरिनेछ।

१७३. सडक पूर्वाधार तथा विकास निर्माणका कामहरूमा पारदर्शीता ल्याउन १० लाख भन्दा माथि लागत अनुमान भएका सम्पूर्ण निर्माणका कार्यहरू विद्युतीय बोलपत्र (E–Bidding) मार्फत गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१७४. महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखा परीक्षणको क्रममा दिइएको सुझाव तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सुझावका आधारमा उपभोक्ता समितिमार्फत सम्पादन गरिने कार्यहरूलाई व्यवस्थित र निर्मित पूर्वाधारको दिगोपनाको सुनिश्चितताको लागि दर्ता भई स्थायी लेखा नं. प्राप्त समूह वा संस्थाबाट मात्र कार्य गर्ने पद्दतीको शुरूवात गरिनेछ।

## ख. तथ्याङ्क अभिलेख तर्फ

१७५. गाउँपालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरू वस्तुनिष्ठ र पारदर्शि बनाउनका लागि गाउँपालिकाको वस्तुगत विवरणलाई अद्यावधिक गर्दै ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्त्वका सम्पूर्ण विषयहरूको खोज र अनुसन्धान गरी पर्यटकीय स्थलहरूको चिनारी स्वरूप कञ्चनको चिनारी नामक पुस्तिका (Booklet) प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाइनेछ।

## ग. मानव संशाधन तर्फ

१७६. पालिकाभित्र कार्यरत कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मी एवं जनप्रतिनिधिहरू बिच सुमुधुर सम्बन्ध कायम गर्ने विभिन्न उत्सव, दिवस, समारोहमा मैत्रीपूर्ण खेलकुद र परिचयात्मक तथा शुभकामना आदान-प्रदानका कार्यक्रम सञ्चालन गरिनेछ।

१७७. कार्य वातावरणलाई दिगो र विश्वसनीय बनाउन र मौजुदा जनशक्तिबाट अधिकतम लाभ हासिल गर्नका लागि कार्यरत मानव संशाधनको क्षमता अभिवृद्धि हुने विविध क्रियाकलापहरू सञ्चालन गरिनेछ।

१७८. अनुदानमा दोहोरोपना हटाउनका लागि सूचिकृत बेरोजगारमा सूचिकृत भएका तर गाउँपालिकाबाट कुनै किसिमको अनुदान सँग नजोडिएका नागरिकहरूलाई गाउँपालिकाबाट वितरण हुने अनुदानमा उच्च प्राथमिकताका साथ अनुदान वितरण गर्ने व्यवस्था गरिनेछ।

## घ. राजस्व तर्फ

१७९. गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोतको रूपमा रहेको राजस्व संकलनलाई थप प्रभावकारी बनाउन घुम्ती शिविर मार्फत राजस्व संकलन गर्ने कार्यलाई प्रभावकारी रूपमा लागू गरिनेछ।

१८०. समयानुकुल राजस्व दर र दायरा बढाउदै लक्ष्य अनुरूपको राजस्व संकलन गरिनेछ।

१८१. राजस्वको क्षेत्रबाट प्राप्त हुने आम्दानीका आधारमा "**मैले तिरेको कर मेरै विकासका लागि**" हो भन्ने कुराको अनुभुति दिलाउन वडाहरूमा निश्चित प्रतिशत रकम विनियोजन गरी एकिकृत योजना संचालनका लागि प्रयास गरिनेछ।

१८२. व्यवसायमा प्रगतिशिल कर प्रणाली लागू गरी प्रभावकारी रूपमा कर संकलन गरिनेछ। व्यवसाय दर्ता नविकरण प्रक्रियालाई सहज एवं सरल बनाई सबै कारोबार र व्यवसायलाई करको दायरामा ल्याई अनिवार्य दर्ता प्रक्रियामा लगिनेछ।

१८३. राजस्व चुहावट शुन्य बनाउने नीति अंगिकार गरिनेछ । साथै राजश्व सम्वन्धी कार्यक्रमहरू तय गरी करका दर र दायरामा समायानुकुल संशोधन र एकिकरण गरी दुई अंकको राजस्व वृद्धिलाई उच्च प्राथमिकतामा राखिनेछ।

१८४. "**कर तिर्नु कर्तव्य मात्र नभई गौरव पनि हो**" भन्ने अवधारणको विकास गर्न स्वयम् कर निर्धारण पद्धतिमार्फत करदातालाई पहिलो कर प्रशासनको रुपमा लिने गरी कर सम्वन्धी आवश्यक व्यवस्था मिलाइनेछ।

१८५. करको दायरामा सम्पूर्ण पेशा व्यवसायीहरूलाई आवद्ध गराउन तथा राजश्व असुलीमा तिव्रता ल्याउन राजश्व अनुगमन सम्बन्धी कार्यविधि निर्माण गरी राजस्व संकलनलाई बढवा दिइनेछ।

१८६. आ.व.२०८१/८२ को प्रथम चौमासिकभित्र व्यवसाय कर, घरजग्गा कर, बहालकर, मालपोत तथा भूमिकर, बहाल बिटौरी र पूर्वाधार विकास सेवा शुल्क लगायतका कर तथा राजस्व अग्रिम रुपमा बुझाउनेलाई जरिवानामा छुटको व्यवस्था गरिनेछ।

१८७. विभिन्न कारणले गाउँबासीको दैनिक जीवनमा परेको आर्थिक असरलाई मध्यनजर गरी तोकिएको समयावधिभित्र कर दाखिला गर्ने करदाताहरूलाई करमा छुट प्रदान गरिनेछ।

१८८. भूमिकर, सम्पत्ति कर, पेशा व्यवसाय कर र घरजग्गा बहाल कर लगायतका विभिन्न कर, शुल्क, दस्तुर सफ्टवेयरको माध्यमबाट वडाबाटै असुली भई रहेकोमा सो कार्यलाई थप व्यवस्थित गर्दै करदातामैत्री, प्रविधिमैत्री र प्रभावकारी बनाइनेछ।

१८९. विज्ञापन तथा मनोरञ्जन कर जस्ता नयाँ करका क्षेत्रहरूको पहिचान गर्दै करको दायरामा ल्याईनेछ।

१९०. राजश्वसँग सम्बन्धित कर्मचारीहरूको क्षमता विकास गरी राजश्व प्रशासनलाई सरल, सहज र प्रविधियुक्त बनाइनेछ।

१९१. ई-रिक्सा र टेम्पोको दर्ता तथा नविकरणको शुरूवात गरी उपयुक्त भाडादर निर्धारणका लागि आवश्यक कार्यविधि र मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

१९२. योजनाहरूको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरू र योजनाबाट लाभान्वित उपभोक्ताहरूलाई आफुहरूले बुझाउनु पर्ने बक्यौता भूमिकर, सम्पत्ति कर, व्यवसाय कर र बहाल कर चुक्ता गर्न अनिवार्य गरिनेछ।

१९३. गाउँपालिकाको स्वामित्व, संरक्षण वा भोगाधिकारमा रहेको भवन, जग्गा जमिन, हाटवजार तथा अन्य भौतिक सम्पतिको अभिलेख अद्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ।

१९४. गाउँपालिका क्षेत्र भित्र सञ्चालन भएका हाटबजारहरूको पूर्वाधार विकास र सुदृढिकरण गर्दै गाउँपालिका मातहत ल्याइनेछ।

१९५. गाउँपालिका क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबास क्षेत्रमा आधारभूत सेवा प्रवाहलाई थप व्यवस्थित गर्न बिगतगदेखि नै त्यस्ता अव्यवस्थित बसोबास क्षेत्रमा निर्मित संरचनामा गरिने पेशा व्यवसायमा व्यवसाय कर र संरचना बहालमा बहाल कर असुली गर्ने नीति अवलम्वन गर्दै करको दायरामा ल्याईनेछ।

१९६. आन्तरिक खर्च नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाई भुक्तानी सन्तुलन कायम राखिनेछ।

१९७. गाउँपालिका भित्रका बैंक, वित्तीय संस्था, लघुवित्त संस्था र सहकारीहरूहरूलाई गाउँपालिका भित्रै सामाजिक उत्तरदायित्वमा आधारित परिमाणमुखी लगानी, आर्थिक अनुशासन तथा रोजगारी प्रवर्द्धनमा योगदान गर्न र वित्तीय साक्षरता सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। सामाजिक उत्तरदायित्वमा आधारित कार्य गर्दा गाउँपालिकासँग समन्वय गरी एकद्वार प्रणालीबाट कार्यक्रम गर्न अनिवार्य गरिनेछ।

१९८. गाउँपालिका क्षेत्र भित्र रहेका अव्यवस्थित बसोबासमा आधारभूत सेवालाई थप व्यवस्थित गर्न पूर्वाधार विकास सेवा शुल्क र राजस्व परामर्श समितिको सिफारिस बमोजिमका शुल्कहरू लागु गर्ने व्यवस्था मिलाईनेछ।

१९९. एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्ति ई- रिक्सा र टेम्पोको सवारी धनी भई स्वयम् चालक भएकाहरूलाई प्रोत्साहन गर्न दर्ता र नविकरणमा २५ प्रतिशन र स्व-रोजगार महिला सवारी धनी र चालकलाई प्रोत्साहन गर्न दर्ता र नविकरणमा १५ प्रतिशत सम्म छुटको व्यवस्था गरिनेछ।

## ङ. सार्वजनिक सम्पत्ति संरक्षण तर्फ

२००. संविधानत् सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले गाउँपालिका, वडा कार्यालय, विद्यालय, संघ-संस्था लगायतका सार्वजनिक निकायका चल-अचल सम्पत्तिको संरक्षण र संवर्द्धनका लागि विशेष ध्यान दिइनेछ र सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउनेलाई कानूनको दायरामा ल्याई आवश्यक कारवाहीका लागि पहल गरिनेछ।

## च. शान्ति सुरक्षा तर्फ

२०१. नागरिकमा शान्ति सुरक्षा र अमन-चयन कायम गर्न र अपराधिक गतिविधि नियन्त्रण गरी सामाजिक सुव्यवस्था कायम राख्न गाउँपालिका क्षेत्र भित्रका मूख्य-मूख्य बजार र संवेदनशिल क्षेत्रमा सि.सि.टि.भि. जडान गरी नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ।

२०२. सबै प्रकारका हिंसा तथा घरेलु हिंसा नियन्त्रण गर्न परिवार, समुदाय तथा प्रहरीसँग हातेमालो गरी विभिन्न अभियानहरू सञ्चालन गरिनेछ।

**छ. सूचना प्रविधि तथा संचार तर्फ**

२०३. गाउँपालिलाई प्रविधिमैत्री बनाउन र कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी र गुणस्तरीय बनाउन प्रविधिको प्रयोगमा जोड दिइनेछ।

२०४. गाउँपालिकाका प्रमुख स्थानहरूमा Free Internet को व्यवस्था यसै वर्षदेखि कार्यान्वनको सुरूवात गरिनेछ।

२०५. सुशासन प्रवर्द्धन गर्नु गाउँपालिकाको मुख्य लक्ष्य रहेको हुँदा उक्त कुरालाई प्रविधिसँग जोडी सूचना तथा संचार प्रविधिको प्रयोगमा समेत सुशासन प्रवर्द्धन गरिनेछ।

२०६. सूचनाको पहुँचबाट कोही नागरिक वञ्चित हुन नपरोस र सत्य र तथ्य सूचना प्राप्त गर्ने नागरकिको अधिकारलाई सुनिश्चित गर्न सञ्चार कर्मचारी सेवा प्रवाह गर्ने सञ्चार माध्यम र सञ्चारकर्मीहरूलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

२०७. पालिकाको समग्र कार्यक्रम तथा योजना एवम् प्रगतिहरू आम नागरिक समक्ष पुऱ्याउन पालिकाको गतिविधि समेटिएको रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गरिनेछ।

२०८. सूचना प्रविधिलाई यसको उपकरण र सेवाहरूको प्रयोगको स्तरसम्म सीमित नराखी गुणस्तरीय सूचना प्रविधि उपकरण तथा सेवाहरूको खरिद तथा संस्थागत अभिलेख राखी खरिद गरिएका उपकरण तथा सेवाहरूको संरक्षण गर्ने नीति अंगिकार गरिनेछ।

२०९. गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा सेवा प्रवाहलाई सहज बनाउनका लागि फ्री वाई फाई (Free WIFI)को व्यवस्था मिलाईनेछ।

२१०. सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर जानकारी एवम् सचेतना प्रवर्द्धन गर्न विद्युतीय विकास तथा संचारमैत्री सरकारको अवधारण अवलम्बन गर्ने नीति अंगिकार गरिनेछ।

२११. आफ्नो पालिकाको डाटालाई सुरक्षित तथा संरक्षण गर्नको लागि आफ्नौ सर्भर राखिनेछ। गाउँपालिकाबाट वडा कार्यालय, पदाधिकारी तथा कर्मचारीहरूलाई गरिने पत्राचारमा एस. एम.एस. (SMS) प्रणालीको अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिदै पछिल्लो अत्याधुनिक प्रविधि अवलम्बन गर्न कार्यलाई विशेष प्राथमिकता दिईनेछ।

२१२. डिजिटल कञ्चन अभियानलाई अगाडि बढाउन गाउँपालिकाको काम कारवाहीलाई सूचना प्रविधिसँग जोडि सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाइनेछ।

२१३. गाउँपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा सञ्चालनमा रहेका विद्युतीय हाजिरी प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।

२१४. वडा कार्यालय, स्वास्थ्य संस्थाहरूका लागि आवश्यक एकिकृत सफ्टवेयरको व्यवस्थापन गरिनेछ। कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिको लागि Knowledge on Technology कार्यक्रम सञ्चालन गरिनेछ।

२१५. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्याङ्कनका कमजोर र सवल पक्षको पहिचान गरी कार्ययोजना निर्माण र कार्यान्वय गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ।

२१६. कञ्चन गाउँपालिका भित्र रहेको फाइबर नेटवर्कको थप अध्ययन गरी आधुनिक प्रविधिमा रुपान्तरण गरिनेछ।

२१७. नागरिकको सुरक्षाको लागि माग, आवश्यकता र औचित्यका आधारमा सि. सि. क्यामेरा जडान गरिनेछ। जडान भएका सि सि क्यामेराको मर्मत कार्यलई प्राथमिकता दिइनेछ।

२१८. गाउँपालिकाका विभिन्न शाखामा रहेका अभिलेखलाई एकिकृत व्यवस्थापन प्रणाली निर्माण गरी उक्त अभिलेख भण्डारण गरिनेछ।

२१९. कर्मचारी एवं जनप्रतिनिधिहरूको सञ्चारलाई डिजिटल बनाउनका लागि इन्टरकम जडान गरिनेछ।

२२०. Paper Work कम गरी Digitize बनाउनको लागि आवश्यक Software को प्रयोग गरिनेछ।

२२१. गाउँपालिकाभित्र कार्यालय स्थापना गरी सञ्चालन हुने केबल टेलिभजन, इन्टरनेट सेवाजस्ता सबै प्रकारका सञ्चार सेवा प्रदायक संस्थाहरूलाई दर्ता, सूचिकृत र नियमन गर्ने नीति लिई सार्वजनिक स्थल कुरूप देखिने गरी राखिएका अनावश्यक तारहरू वडास्तरबाटै नियमन गरी हटाइनेछ।

२२२. सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट प्रवाह हुने मिथ्या सूचना न्यूनिकरण गर्न सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**अध्यक्ष महोदय,**

**अब म अन्तर सम्बन्धित क्षेत्र तर्फका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु –**

**क. वन, वातावरण, जलाधार, भू–संरक्षण तथा जैविक विविधता तर्फ**

२२३. वन जंगल, चरा चुरूङ्गी, वन्यजन्तु, खनिज पदार्थ, वातावरण, पर्यावरण, जल उपयोग, वन्यजन्तुको अनाधिकृत चोरी सिकारी तथा जैविक विविधता सम्बन्धि अधिकार क्षेत्रभित्र पर्ने विषयमा नीति, कानून, मापदण्ड र योजना बनाई कार्यान्वियनमा निरन्तरता दिइनेछ।

२२४. सार्वजनिक वन सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको दायित्त्व भएकोले सो सम्बन्धि जनचेतना दिंदै अगाडि बढिनेछ।

२२५. जैविक विविधताको संरक्षणबाट वातावरण सवल बनाउन सहयोग पुग्ने हुँदा प्रत्येक वडामा एक जैविक पार्क निर्माणमा जोड दिइनेछ साथै वन, वातावरण, हरियाली प्रवर्द्धन, गाउँ सौन्दर्यकरणमा स्थानीय जनता, उपभोक्ता र कर्पोरेट क्षेत्रसँग सहकार्य गरिनेछ।

२२६. समृद्धिका लागि वन परियोजना अन्तर्गत नीजी तथा सार्वजनिक जग्गामा कृषि वन प्रणालीमा आधारित वृक्षरोपण गरी जल तथा माटो संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ। समुदायमा आधारित वन व्यवस्थापन समुहहरूलाई वन क्षेत्र भित्र डालेघाँस एवं गैरकाष्ठ पैदवारहरूको व्यवस्थापन गर्न र पशु पालन सम्वन्धी तालिमको साथै सुशासन, लैङगिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

२२७. पूर्वाधार विकास निर्माण तथा समुदाय लक्षित कार्यक्रमका लागि सामुदायिक वनसँग सहकार्य गरिनेछ।

**ख. न्यायिक समिति तर्फ**

२२८. **"न्याय पाउनु हरेक नागरिकको अधिकार हो"** भन्ने मान्यतालाई स्थापित गर्न वडा स्तरमा रहेका मेलमिलापकर्ताको क्षमता विकास गरी वडास्तरबाटै छिटो, छरितो र सुलभ न्याय प्रणालीको विकास गरिनेछ साथै विद्युतीय प्रणाली मार्फत सेवा विस्तारका लागि आवश्यक पहल गरिनुका साथै न्यायिक सम्पादनलाई सहज बनाउनका लागि मेलमिलापकर्ताहरूलाई आवश्यकताका आधारमा पुनः ताजकिय तालिम तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२२९. न्यायिक समितिका पदाधिकारी, गाउँपालिकाको कार्यालयबाट प्रत्येक वर्ष सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरूलाई मेलमिलाप सम्वन्धी पुनः ताजकिय तालिम प्रदान गरिनेछ। नागरिकहरूलाई न्यायको सुनिश्चितता गराई न्यायिक समिति मार्फत विवादहरू कम खर्चिलो तथा छिटो र छरितो रुपमा निरुपण गरिनेछ।

**ग. फोहोर मैला व्यवस्थापन तर्फ**

२३०. फोहोर गर्नु सामाजिक अपराध हो भन्ने आम मान्यतालाई स्थापित गर्दै फोहोरलाई मोहरमा रूपान्तरण गर्नका लागि फोहोरमैला व्यवस्थापन कार्यक्रमलाई सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरूप ल्याण्डफिल्ड साइट निर्माण गरी फोहोर मैला व्यवस्थापन गर्ने निकाय, व्यक्ति, संस्थासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२३१. "**फोहोर मलाई**" भन्ने नारा सहित गाउँपालिका क्षेत्रभित्रका मूख्य-मूख्य हाटबजार र चोकहरूमा कुहिने र नकुहिने फोहोरहरू संकलनका लागि प्लाषटिक बाल्टी/लगायतका आवश्यक सामग्री वितरण गरिनेछ।

२३२. प्लाष्टिक झोलाको प्रयोगलाई निरूत्साहित गरी फाइबर र जुटको झोला प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

२३३. दीर्घकालीन फोहोरमैला व्यवस्थापनको लागि कञ्चन गाउँपालिका, सैनामैना नगरपालिका र बुटवल उपमहानगर पालिकासँगको समन्वय र सहकार्यमा सैनामैना नगरपालिका वडा नं. १० स्थित एकला पहाडमा ३ वटै स्थानीय तहको सहकार्यमा संयुक्त फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्न संघीय सरकारबाट जग्गा भोगाधिकार लिने कार्य अन्तिम चरणमा पुगेकाले निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ।

२३४. वातावरणीय अनुकुलनलाई कायम गर्न प्लाषटिक जन्य वस्तुहरू प्रयोगमा न्यूनिकरण गर्नका लागि आवश्यक पहल गरिनेछ।

२३५. गाउँपालिका भित्रको फोहोरलाई संकलन र विसर्जनलाई व्यवस्थित बनाउन साझेदार संस्थाहरूसँग सहकार्य गरी प्रविधिको उपयोगलाई प्राथमिकता दिइनेछ।

२३६. गाउँपालिकाको फोहोर व्यवस्थापन एवं सरसफाई कार्यमा सामुदायिक संघसंस्था, सहकारी, स्वयम्सेवी संस्थाहरू, टोल विकास संस्था, स्थानीय टोल समुदाय र नीजि क्षेत्रलाई उत्प्रेरित गरिनेछ।

२३७. सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन गर्न साझेदार संस्था वा नीजी क्षेत्रसँग सहकार्य गरिनेछ।

२३८. फोहोर उत्पादनमा कमी ल्याउन र उत्पादन तहमा नै व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

२३९. हाट बजार क्षेत्र तथा अन्य क्षेत्रमा व्यापार व्यवसाय गर्ने व्यवसायीहरूले उत्पादन गरेको फोहोर आफै व्यवस्थापन गर्न अनिवार्य गरिने नीति ल्याइनेछ।

२४०. घरबाट उत्पादन हुने फोहोरको वर्गिकरण परिवारबाटै गर्न तथा फोहोरमैला व्यवस्थापनमा घरपरिवारलाई थप उत्तरदायी बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

२४१. गाउँपालिका भित्रका नदिनाला, खोला, कुलो, सडक, गल्ली, नाली लगायतको सरसफाई गर्न वडाहरूको समन्वयमा नियमित अभियान सञ्चालन गरिनेछ।

## घ. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ

२४२. प्राकृतिक प्रकोप तथा विपद्जन्य घटनामा परेका नागरिकहरूलाई खोज, उद्दार, राहत पुनःस्थापना, संरक्षण गर्नुका साथै जलवायु परिवर्तनको कारणले पर्ने असरहरूबारे प्रचार-प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ।

२४३. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने कानूनहरू निर्माण तथा परिमार्जन गरी कार्य सम्पादनमा सहजता ल्याइनेछ।

२४४. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरेका अन्य सरकारी तथा गैर सरकारी निकायसँग समन्वय तथा सहकार्य गरी समानान्तर सिकाईको अवधारणलाई व्यवहारमा उतारिनेछ। अन्तर निकाय समन्वयको कार्यलाई बलियो बनाईने नीति अंगिकार गरिनेछ।

२४५. गाउँ विपद् तथा जलवायू उत्थानशिलताका लागि आवश्यक कार्य प्रकृया अगाडि बढाइनेछ।

२४६. विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुट्न विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने विभिन्न निकायहरूसँग समन्वय गरी गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिलाई थप प्रभावकारी र क्रियाशिल बनाईनेछ।

२४७. जलवायु उत्थानशीलता सहितको विपद् पुर्व तयारी जोखिम आँकलन, जोखिम पुर्व चेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनिकरण र पुनः लाभका क्रियाकलापहरू नेपाल रेडक्रस सोसाईटी अन्तर्गत सञ्चालन हुने SUPER परियोजना गाउँपालिकाको सहलगानीमा संचालन गरिनेछ।

२४८. गाउँ विपद् प्रतिकार्य योजनाअनुरुप नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था, स्थानीय क्लव, रेडक्रससँग समन्वय र सहकार्यमा विपद् न्यूनिकरण एवं व्यवस्थापनको प्रकृयालाई प्रभावकारीरुपमा सञ्चालन गरिनेछ।

२४९. आगलागीबाट हुने मानवीय जनधनको क्षतिलाई समयमै नियन्त्रण गर्न कञ्चन गाउँ पालिका, सैनामैना नगरपालिका, गैडहवा गाउँपालिका र शुद्धोधन गाउँपालिकाको संयुक्त प्रयास र आर्थिक सहयोगमा अन्तर स्थानीय तह विपद् व्यवस्थापन तथा वारुणयन्त्र सञ्चालन समिति गठन भई वारुणयन्त्र सञ्चालनमा ल्याईएको छ। उक्त समितिको संस्थागत विकास एवं दिगोपनाको लागि कोषमा योगदान रकम थप्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

## ङ. अनुगमन प्रणाली तर्फ

२५०. विकासका विभिन्न आयोजना, सेवा प्रवाह बजार व्यवस्थापनको अवस्था बारे नियमित अनुगमन गरिनुका साथै समग्र योजना तथा कार्यक्रममा हुने सबै गतिविधिहरूको अनुगमन कार्यलाई प्रभावकारी बनाउन विशेष कार्य योजनासाथ अगाडि बढाइनेछ।

२५१. गाउँपालिकासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न चाहने संघ-संस्थाहरूले अनिवार्य रुपमा उनीहरूको लागत सहभागिता सुनिश्चित हुने गरी कार्यक्रम स्विकृत गराई कार्यक्रम गराउने नीति अंगिकार गरिनेछ।

२५२. सम्बन्धीत संस्थालाई जिम्मेवार बनाउनका लागि विद्यालय व्यवस्थापन समिति, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र सामुदायिक वनका पदाधिकारीहरूलाई तालिम प्रदान गर्न आवश्यक पहल गरिनेछ।

२५३. नियमित बजार अनुगमन र नियमन गर्ने कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरी उपभोक्ता हित प्रवर्द्धन गरिनेछ।

२५४. अनुगमन कार्यका लागि मापनयोग्य सूचक तयार गरी स्विकृत सबै योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गर्ने नीति लिइनेछ।

२५५. उपभोक्ताको हितलाई ध्यानमा राख्दै बजार अनुगमनका क्रममा बजार क्षेत्रमा फेला पर्ने लापरबाहीजन्य व्यवहार तथा कमजोरीलाई न्यूनीकरण गर्न दण्ड जरिवानालाई कडाईका साथ लागु गरिनेछ।

## च. अन्तर समन्वय तथा साझेदारी तर्फ

२५६. रोजगारीको अपेक्षा गरेका युवाहरूलाई विभिन्न किसिमका आय आर्जन र सीप विकासका कार्यक्रमहरूमा कम्तीमा २५ प्रतिशत रकम साझेदारी स्वरूप गाउँपालिकाको खातामा जम्मा गरेपश्चात मात्र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

२५७. सार्वजनिक नीजि साझेदारीमा निर्माण तथा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई सूचिकरण गर्न खोज अनुसन्धान गरी बजेटको लागि संघ, प्रदेश र गाउँपालिकाको सह लगानीमा सुचारु गर्ने नीति लिइनेछ।

२५८. नीजि क्षेत्रको सक्रिय सहभागिता अभिवृद्धि गर्न गाउँपालिकाबाट सहजकर्ता, उत्प्रेरक र नियामक निकायको भूमिका निर्वाह गरिनेछ।

२५९. संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी विभिन्न स्थानीय तहहरूसँग भगिनि सम्बन्ध कायम गरिनेछ।

## छ. कानून निर्माण तथा कानूनी मामिला तर्फ

२६०. स्थानीय तहको एकल अधिकार र साझा अधिकार सूचिमा परेका विषयहरूमा समयानुकुल र जनइच्छा अनुकुल कानून निर्माण र संशोधन गरिनेछ।

२६१. हालसम्म निर्माण भएका कानूनहरूलाई एकिकृत गरी प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ।

२६२. कानुन निर्माण तथा राजपत्र निर्माण तथा प्रकाशन सम्बन्धि अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२६३. विकास कार्यमा मूल प्रवाहीकरणको नीति लिइनेछ। हरेक विकास कार्यलाई विपद् जोखिमका दृष्टिले सुरक्षित र दिगो बनाउन संरचनागत, संस्थागत र कानूनी प्रकृयामा आवश्यक परिमार्जन तथा परिष्कृत गर्दै लगिनेछ।

## ज. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी तर्फ

२६४. गाउँपालिकाभित्रका सार्वजनिक जग्गा पहिचान तथा लगत तयार गरी संरक्षण गर्न वडा र समुदायलाई थप जिम्मेवार र सक्रिय बनाइनेछ।

२६५. गाउँपालिकामा लामो समयदेखि समस्याको रुपमा रहेको सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या सामाधानका लागि संघीय सरकार, प्रदेश सरकार र राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी जग्गाधनी प्रमाण पुर्जा वितरण गरिनेछ।

२६६. अव्यवस्थित बसोबासीका लागि राजस्व गणना विधिमा संशोधन गर्नका लागि संघीय संसद र सरकारसँग निरन्तर पहल गरिनेछ।

२६७. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पुर्जा वितरणमा देखिएको कानूनी जटिलता हटाउनका लागि सरोकारवालाहरूसँगको सहकार्यमा संघीय सरकारसँग वार्ता र छलफल गरिनेछ।

२६८. गाउँपालिकाभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई व्यवस्थितरूपमा अभिलेख राख्ने प्रयोजनका लागि नापजाँच, नक्साङ्कन भईसकेकाहरूको हकमा न्यूनतम दरमा पूर्वाधार उपयोग सेवा शुल्क लिई राष्ट्रिय भूमि आयोगबाट प्राप्त निस्साको आधारमा जग्गाको अभिलेखीकरण गरिने कार्यलाई यसै वर्षदेखि थालनी गरिनेछ।

**अध्यक्ष महोदय,**

**अब म दीगो विकासको स्थानीयकरण गर्ने तर्फका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु -**

| दीगो विकासका लक्ष्यहरू | स्थानीयकरणका लागि तय गरिएका नीति तथा कार्यक्रमहरू |
|---|---|
| गरिबीको अन्त्य | गाउँपालिकाभित्र रहेको गरिबी निवारण गर्नका लागि कृषि तथा पशु क्षेत्रमा उत्पादनमूलक क्रियाकलापहरू सञ्चालन गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ सञ्चालन गर्ने। |
| भोकमरिको अन्त्य | गाउँपालिकामा नियमित बजार अनुगमन गरी कृत्रिम अभाव, अस्वाभाविक मूल्य वृद्धि लगायतका क्रियाकलाप हुन नदिने |
| स्वस्थ्य र समुन्नत समाज | स्वास्थ्यमा पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवालाई थप बिस्तार गरिने र विभिन्न शिविरहरू सञ्चालन गर्ने। |
| गुणस्तरीय शिक्षा | गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई पूर्ण गर्न पालिकाभित्र सञ्चालित विद्यालयहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न किसिमका विद्यालय अनुदान कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| लैंगिक समानता | महिला पुरूष दुबै बराबर भन्ने नारालाई व्यवहारत लैजाने प्रयास गरिनेछ र लिङ्गकै आधारमा हुने भेदभावलाई न्यूनिकरण गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

| | |
|---|---|
| स्वच्छ खानेपानी तथा सरसफाई | सरसफाईको लागि फोहोर लुकाउने होइन व्यवस्थापन गर्ने हो भन्ने कुरामा नागरिकहरूलाई सजग बनाउँदै कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन गर्ने व्यवस्था मिलाइनेछ साथै गाउँपालिकालाई आगामी दिनहरूमा प्लाष्टिक मुक्त क्षेत्र बनाउनका लागि विशेष पहल गरिनेछ। |
| स्वच्छ ऊर्जामा सहज पहुँच | वैकल्पिक ऊर्जा पर्वद्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ |
| मर्यादित रोजगार तथा आर्थिक वृद्धि | गाउँपालिकाभित्र सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम विभिन्न आय आर्जनमूलक कार्यक्रम तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम जस्ता कार्यक्रमहरूलाई उत्पादन तथा व्यवसाय सँग जोडिनेछ र लक्षित समुदाय तथा वर्गलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गरिनेछ र जनताको आर्थिक समृद्धिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| उद्योग पूर्वाधार र नविन सृजना | गाउँपालिका क्षेत्रभित्र घरेलु, साना, मझौता तथा ठुला उद्योगहरू स्थापना गर्न उद्योगीहरूसँग आव्हान गरिनेछ। साथै गाउँपालिकाभित्रका सडक, भवन लगायतका भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ। |
| असमानता न्यूनिकरण | वर्गीय, क्षेत्रीय, जातीय असमानता हटाउनका लागि सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। साथै असमानताको कारण पहिचान गरी न्यूनिकरणका लागि आवश्यक नीति अवलम्वन गरिनेछ। |
| दीगो शहर र समुदाय | गाउँपालिकाभित्रका शहरोन्मुख क्षेत्रहरूलाई आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरिनेछ। |
| जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन | स्वच्छ खाना तथा उत्पादन तथा सामाग्रीहरू नागरिकले सहज प्राप्ति गर्ने अधिकारलाई सुनिश्चित गर्न उत्पादकहरूलाई जिम्मेवार बनाई वस्तुहरूको गुणस्तरीयता वृद्धिमा विशेष पहल गरिनेछ साथै बजार अनुगमनलाई निरन्तरता दिइनेछ। |
| जलवायु परिवर्तनमा तत्काल पहल | जलवायु परिवर्तन र यसले पार्ने नकारात्मक असर बारेमा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ भने भौतिक पूर्वाधार तर्फ वायु इन्जिनियरिङ्गको अवधारणा क्रमश लागू गर्दै लगिनेछ। |
| जमिन माथिको जैविक विविधताको संरक्षण | जैविक विविधताको संरक्षणका लागि तालतलैया पोखरी, वर पिपल, पाटी पौवा, लगायतका संरचना संरक्षण र संवर्द्धन गरिनेछ। |

| | |
|---|---|
| शान्ति, न्याय र सशक्त निकाय | गाउँपालिकाक्षेत्रभित्र शान्ति सुरक्षा र अमनचयन कायम गर्न पालिकाभित्र रहेका सुरक्षा निकाय, र नगर प्रहरीसँग आवश्यक समन्वय र साझेदारी गरिनेछ साथै नागरकि न्याय प्राप्तिमा सहजता कायम गर्न स्थानीय न्यायिक समितिलाई थप क्रियाशिल बनाइनेछ। |
| लक्ष्य प्राप्तिका लागि साझेदारी | गाउँपालिकाको समग्र विकास लक्ष्यलाई परिपूर्ति गर्न समन्वय, सहकार्य र सहजिकरणका लागि विभिन्न सरोकारवालाहरूसँग भेटघाट, छलफल, बैठक, सेमिनार, गोष्ठी आदि सञ्चालन गरिनेछ। |

समग्रमा गाउँपालिकाबासीको माग र आवश्यकताको आधारमा स्थानीय निर्वाचनमा गाउँबासी समक्ष गरेको प्रतिवद्धता र संकल्पलाई पुरा गर्न बजेट निर्माण देखि कार्यान्वयन प्रकृया सम्मको पुनरावलोकन गरी पुँजिगत खर्च वृद्धि गर्ने र खर्चमा मितव्ययिता कायम गरी वित्तीय जवाफदेहितालाई कडाईका साथ लागु गरी आर्थिक प्रशासनलाई थप पारदर्शी र नतिजाममुखी बनाउने उद्देश्यमा प्रस्तुत नीति तथा कार्यक्रम केन्द्रित रहेको छ।

उल्लिखित नीति तथा कार्यक्रमहरूलाई मूर्त रूप दिनको लागि सबै तहका सरकार आम स्थानीयवासी र सरोकारवाला सबैको भूमिका रहने गर्दछ। प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नुपूर्व सरोकारवाला सबैको राय परामर्श तथा सुझाव ग्रहण गर्दै सोही अनुसार तयार गरेको हुँदा स्थानीय सरकारले लिएको नीतिहरूलाई यथासम्भव सबै पक्ष र क्षेत्रलाई समेट्न प्रयास गरेको विश्वास व्यक्त गर्दछु।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने विषय विज्ञ महानुभावहरू, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवि, नीजी क्षेत्र, विषयगत समितिका संयोजक कार्यपालिका सदस्यज्यू, गाउँसभाका सदस्यज्यूहरू, गाउँबासी दाजुभाइ तथा दिदीदीबहिनी गाउँपालिकाका हरेक गतिविधिको सत्यतथ्य सूचना प्रवाह गरी सहयोग गर्ने सञ्चारकर्मी मित्रहरू, शिक्षक एवं राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, विकास साझेदारहरू, निजि क्षेत्र, गाउँपालिकाका कर्मचारीहरू, मतदाता र सम्पूर्ण बुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु।

**नवराज ढकाल**
**अध्यक्ष**
**कञ्चन गाउँपालिका**
**२०८१ आषाढ ३ गते**